वर्ष : १४, अंक : २२, काठमाडौं, २०७५ भाद्र २९ गते शुक्रबार 14 September 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेशी दलको विरोधाभास

# काठमाडौंमा संविधान दिवस, मधेशमा कालो दिवस !

### संविधानअनुसार चुनावी प्रक्रियामा भाग लिएर सरकारमा सहभागी भएको र सोही अनुसार सेवा सुविधा लिएको दलले संविधानलाई कालो दिवसको रूपमा मनाउने भन्नु युक्ति संगत हुँदै होइन ।

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान आउने बुधबार तेस्रो वर्षमा प्रवेश गर्दैछ । केन्द्रमा संविधान दिवस मनाउन भव्य तयारी भइरहदा मधेशी दलहरूले के गर्ने भन्ने सबैका लागि चासोको विषय बनेको छ । संविधान दिवसलाई कसरी स्मरण गर्ने द्विविधामा छन् मधेशी दलहरू । किनभने उनीहरूका लागि यस पटकको संविधान दिवसलाई विरोध गर्नु वा कालो दिवसको रूपमा बनाउनु सहज छैन । सहज यस कारण छैन कि उनीहरू यहि संविधानअन्तर्गत भएको निर्वाचनबाट निर्वाचित भएर प्रदेश २ मा सत्ताको बागडोर सम्हालेका छन् भने कोही केन्द्र सरकारमा सहभागी छन् र कोही बाहिरै बसेर समर्थन जनाएका छन् ।

निर्वाचनदेखि प्रदेश सरकारको गठनसम्म र सरकारमा सहभागिता तथा सरकारलाई समर्थन सबै प्रक्रिया संविधान सम्मत हो । यी सबैका लागि संवैधानिक प्रक्रिया अपनाउनु पर्छ । यहि संविधानमार्फत भएको निर्वाचनबाट निर्वाचित भएर प्रतिनिधिसभा तथा प्रदेश सभाको सांसद, केन्द्रीय मन्त्री, मुख्यमन्त्री तथा प्रदेश मन्त्री बन्ने, स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यको शपथ लिने र संविधानले दिएको सेवा सुविधा ग्रहण गर्ने तर त्यहि संविधानलाई कालो भन्नु आफैमा नाजायज तर्क हो ।

अझै पनि मधेशी जनताको माग अनुसार संविधान संशोधन हुन नसकेका कारण उक्त दिनलाई कालो दिवसका रूपमा स्मरण गरिनु पर्ने तर्क मधेशी नेताहरूको भए पनि यस पछाडि उनीहरूको वैयक्तिक स्वार्थ चाहीँ अवश्य लुकेको छ ।

त्यसैले त संविधानको जगमा टेकेर चुनावमा सहभागी हुँदै सांसद र मन्त्री समेत भइसकेका संघीय समाजवादी फोरम नेपाल र राजपा नेपालले संविधान दिवसलाई कालो दिवसका रूपमा मनाउन लाग्दा उनीहरूको आलोचना समेत हुन थालेको छ ।

प्रश्न छ, जुन संविधानको अधिनमा रहेर सपथ खाएको छ, संविधान वमोजिम नियमित सेवा सुविधा लिइदैछ, त्यही संविधान लागू भएको दिनलाई कालो दिवस भन्न मिल्छ ?

यदि फोरम र राजपाले भने अनुसार संविधान अहिले पनि विभेदकारी छ, यसले मधेशको मर्मलाई बुझेको छैन, मधेशको सवाललाई सम्बोधन गरेको छैन भने किन संवैधानिक प्रक्रियालाई स्वीकार गरेको हो ? किन उनीहरू सेवा सुविधा परित्याग गर्न नसकेका हुन ? यदि असोज ३ लाई कालो दिनकै रूपमा स्मरण गरिने हो भने मधेशी दलहरूका नेताहरूले ओगटेका सबै संवैधानिक पदबाट सामूहिक राजीनामा दिएर मात्र कालो दिवस मनायो भने यसले राम्रो सन्देश दिन सक्छ तर पदलोलुपमा बाँचेका मधेशी नेताहरूले यति ठूलो तिलाञ्जली देलान् भन्ने शायदै कल्पना गर्न सकिन्छ ।

फोरम नेपाल केन्द्रीय सरकारमा सहभागी छ भने प्रदेश २ मा पनि सरकारको नेतृत्व गरेको छ । राजपा नेपालले केन्द्रीय सरकारलाई समर्थन दिएको छ भने प्रदेश २ को सरकारमा पनि सहभागी भएको छ ।




संविधानअनुसार चुनावी प्रक्रियामा भाग लिएर सरकारमा सहभागी भएको र सोही अनुसार सेवा सुविधा लिएको दलले संविधानलाई कालो दिवसको रूपमा मनाउने भन्नु युक्ति संगत हुँदै होइन ।

यस पटक संविधान दिवसलाई कसरी मनाउने भन्ने सन्दर्भमा मधेशका जनता अझै पनि उकुसमुकसको अवस्थामा छन् । निश्चय पनि पहिला केन्द्रसँग मात्र असन्तुष्टि थियो तर अहिले त्यो असन्तुष्टि केन्द्र, प्रदेश र स्थानीय तहमा बाँडिएको छ, त्यसैले पहिला जस्तो अहिलेको असन्तुष्टि व्याप्त छैन ।

सरकारले पटक पटक संविधान संशोधन गर्ने प्रतिवद्धता जनाइरहेको र त्यसलाई मधेशी दलहरूले विश्वास गरिरहेको बेला कालो दिवस मनाइँदा अवस्था थप विग्रन सक्ने खतरा रहन्छ ।

२०७२ असोज ३ गते जारी भएको संविधानलाई मधेशी जनताले स्वीकार गरेका छैनन् र आजसम्म पनि सर्वस्वीकार्य भएको छैन । यो यर्थाथ रहँदा पनि निर्वाचन पछि मधेशी दलहरूले संविधान संशोधनप्रति देखाएको उदासिनता, मधेशका सहिदलाई गरेको वेवास्ता, मधेश आन्दोलनमा घाइते भएकाहरूप्रति गरिएको हेलचक्राइँ आदिका कारण उनीहरूप्रति आम मधेशी समुदायको सोच बदलिएको छ ।

राजपाका प्रवक्ता कृष्णा सिंहले असोज ३ कालो दिन भनेर मधेशमा स्थापित नै भइसकेको बताउँछन् । उनी हामीले यो संविधानलाई पूर्णरूपमा स्वीकार नै गरेको भनेका छैनौं । यो संविधानअनुसार निर्वाचनमा भाग लिँदा, स्थानीय, प्रदेश र प्रतिनिधिसभामा हामी उपस्थिति हुँदा यो संविधान सर्वस्वीकार्य भनेर ठान्न नहुने तर्क गर्छन् ।

संघीय समाजवादी फोरम नेपालका नेता तथा प्रतिनिधिसभा सदस्य प्रदीप यादव आफ्नो दल सरकारमा भए पनि संविधान दिवस नमनाउने बताउँछन् । 'हामी न संविधान दिवस मनाउँछौं न कालो दिवस । हामी तटस्थ बस्छौं,' उनी भन्छन् ।

उनीहरूको भनाइले के दर्शाउँछ भने राजपा र फोरम अहिले पनि द्विविधामा छन् । उनीहरू खुलेर न त संविधानलाई अस्वीकार गरेको भन्न सक्छन् न त यसलाई स्वीकार गरेको नै । यसबाट यस पटक उनीहरूमा विचलन आएको महसुस भएको मान्न सकिन्छ ।

## राजपाले मधेशव्यापीरूपमा विरोधसभा गर्ने

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालले असोज ३ गते संविधान दिवसको दिन मधेशव्यापीरूपमा विरोधसभाहरू गर्ने कार्यक्रम सार्वजनिक गरेको छ ।

असोज ३ गते पार्टीद्वारा देशव्यापी रूपमा जिल्ला सदरमुकामहरूमा आयोजना गरिने विरोध कार्यक्रमको तैयारी बैठक तथा सभालाई पार्टीको नेताहरूले निम्नानुसार सहभागी भई सम्बोधन गर्नेछन् :

क) अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले प्रदेश नं. २ को पर्सा र बारामा,

ख) अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतो र अध्यक्ष मण्डलका सदस्य अनिल कुमार झा प्रदेश नं. ५ को बांके एवं बर्दिया तथा प्रदेश नं. ७ का कैलाली र कंचनपुरमा

ग) अध्यक्ष मण्डलका सदस्य महेन्द्र राय यादव प्रदेश नं. ५ को नवलपरासी, रूपन्देही र कपिलबस्तुमा

घ) अध्यक्ष मण्डलका सदस्य शरत्सिंह भण्डारी प्रदेश नं. १ को झापामा

ङ) अध्यक्ष मण्डलका सदस्य राजकिशोर यादव प्रदेश नं. १ को मोरंग र सुनसरीमा

प्रदेश नं. २ का निम्न जिल्लाहरूमा प्रदेश नं. २ का सरकारका निम्नानुसारका मन्त्री एवं राज्यमन्त्रीहरूले निम्नानुसार सम्बोधन गर्ने कार्यक्रम तोकिएको छ :

सप्तरीमा मन्त्री जितेन्द्र सोनल, सिरहामा मन्त्री रामनरेश राय, धनुषामा मन्त्री नवलकिशोर साह, महोत्तरीमा राज्यमन्त्री डिम्पल झा, सर्लाहीमा राज्यमन्त्री अभिराम शर्मा र रौतहटमा राज्यमन्त्रीसुरेश मण्डल ।

## झाको अयोग्यता "मधेशी" हुनु हो ?



काठमाडौं । नश्लीय चिन्तन र संकीर्ण मानसिकताबाट मुक्त हुन नसकेका नेपालका केही बौद्धिक जमात र सञ्चार जगतसमेत मधेश र मधेशीलाई अहिलेसम्म पचाउन सकेका छैनन् । मधेशको 'म'सम्म सुन्न नचाहनेले मधेशी समुदायका कोही व्यक्तिको योग्यता र दक्षतामाथि शंका-उपशंका गर्नु अनौठो होइन । राज्य सत्ताका अंगहरू नश्लीय र एकल सामुदायिक हुँदा त्यसलाई समावेशीकरण बनाउनुपर्नेमा मधेशका कोही व्यक्ति प्रतिस्पर्धा गरेर सरकारी ओहदाको उच्च पदमा पुग्दा जसरी पनि 'अयोग्य'को बिल्ला भिडाउन पछि पर्दैनन् । सन्दर्भ हो, नेपाल दूरसञ्चार प्राधिकरणमा अध्यक्ष दीगम्बर झाको पुनर्नियुक्तिको । झालाई नेपाल सरकारले प्राधिकरणको अध्यक्षमा हालै पुन: नियुक्त गरेको छ । तर, उनले काम नसम्हाल्दै उनको अयोग्यतामाथि प्रश्न उठाउन सुरू भएको छ । उनी योग्य हो वा होइनन भन्ने आधार नदिई विरोध मात्र गर्नु निश्चय पनि एकल संकीर्ण मानसिकताको उपज हो ।

मधेशी समुदायकै हुनुले उनीमाथि विभिन्न प्रकारका तथ्यहीन आरोप लगाइएको छ उनको अयोग्यता साबित गर्न । के उनी वास्तवमा अयोग्य नै हुन् ? प्राधिकरणमा उनको पुन: नियुक्तिले कतिपयलाई अपच भएको छ । मधेशी समुदायका भएकै कारण उनलाई बदनाम गराउन खोजिएको मधेशका बुद्धिजीबीहरूको ठहर छ । यदि उनी गैरमधेशी समुदायका भएका भए सरकारले आजीवन नियुक्त गर्दा पनि कहिँ कतैबाट विरोध हुने थिएन । नेपालको सामाजिक सद्भावलाई बिर्गान केही तत्वहरू लागिपरेको र मधेशी पहाडीबीच खाडल ल्याउन खोजिएको एक बुद्धिजीवीको तर्क छ । संविधानले नै समानुपातिक समावेशिताको सिद्धान्तलाई मान्यता दिएको अवस्थामा अहिलेसम्म पनि राज्यका अंगहरू समावेशी हुन सकेको छैन । यस्ता मानसिकतालाई हटाए पछि मात्र साझा नेपालको परिकल्पना सम्भव हुन्छ । कसैमाथि हेय भावना राखेर समाजमा समृद्धि र विकास आउन सकिदैन । केही सञ्चार माध्यमले करोडौं रूपैयाँको लेनदेन गरेर उनी पुन: अध्यक्षमा नियुक्त भएको दाबी गरेका छन् । तर ती सञ्चार माध्यमहरूले कुनै किसिमको प्रमाण देखाउन सकेको छैन । उनीमाथि बारम्बार विभिन्न किसिमका आरोपहरू लागे पनि ती आरोपहरू पुष्टि हुन सकेको छैन ।

## सीमा समस्या व्यवस्थापन गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर नेपाल-भारतबीचको सीमा समस्या समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री ओलीले दुई मुलुकबीचको सीमा समस्या समाधान गर्न हालसम्म प्राप्त ऐतिहासिक तथ्य र नक्सालाई मुख्य आधार बनाउन नापी विभाग नेतृत्वको नेपाल-भारत अन्तर्राष्ट्रिय सीमासम्बन्धी समस्या समाधान गर्न गठित कार्य दललाई निर्देशन दिएका हुन् ।

नेपाल-भारत सीमा समस्या समाधानका लागि गठित कार्यदलको बैठक असोज पहिलो हप्ता काठमाडौंमा बस्दैछ । सोही बैठकमा नेपालले राख्ने प्रस्तावका विषयमा छलफल गर्न बोलाइएको बैठकमा प्रधानमन्त्री ओलीले दुई मुलुकबीचको सीमाको एकिन गर्न सीमा क्षेत्रमा रहेका दुवै मुलुकका सुरक्षा निकाय र स्थानीय प्रशासनसँग समन्वय गर्न पनि नापी विभागलाई निर्देश गरे ।

बैठकमा नापी विभागका महानिर्देशक गणेशप्रसाद भट्टले नेपाल-भारतबीचका कतिपय ठाउँमा सीमा स्तम्भ हराएको, नदीले धार परिवर्तन गरेका कारण कतिपय ठाउँमा सीमा निर्धारणमा कठिनाइ भएको लगायतका समस्या प्रधानमन्त्री ओलीलाई जानकारी गराएका थिए ।

## संहिताबारे सुझाव दिन कार्यदल



देवप्रकाश त्रिपाठी

काठमाडौं । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा सुझाव दिन १५ सदस्यीय कार्यदल गठन गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले आज मन्त्रिस्तरीय निर्णयबाट संहिताका कारण अभिव्यक्ति स्वतन्त्रतामा असर परेको भए तिनको विकल्पबारे सुझाव दिन वरिष्ठ पत्रकार देवप्रकाश त्रिपाठीको संयोजकत्वमा कार्यदल गठन गरेको छ । कार्यदलमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्य, नेपाल प्रेस इन्स्टिच्यूटका अध्यक्ष तीर्थ कोइराला, मिडिया सोसाइटी नेपालका अध्यक्ष शुभशङ्कर कँडेल, ब्रोडकास्टिङ एशोसिएशन अफ नेपालका अध्यक्ष चन्द्र न्यौपाने, सामुदायिक रेडियो प्रसारक सङ्घ नेपालका अध्यक्ष सुवास खतिवडा, अनलाइन सञ्चार माध्यमका तर्फबाट पूर्ण बस्नेत, नेपाल पत्रकार महासङ्घका पूर्व सभापति धर्मेन्द्र झा, प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेत, नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देल, प्रेस सेन्टर नेपालका अध्यक्ष महेश्वर दाहाल, सञ्चारिका समूहका अध्यक्ष निर्मला शर्मा, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घका अध्यक्ष डण्ड गुरूङ, वरिष्ठ पत्रकार टीकाराम राई र पत्रकार डा. राजेश अहिराज सदस्य छन् । कार्यदलको समयावधि कार्य शुरू भएको मितिले ४५ दिन रहेको छ ।



### मधेशी दलहरूले कम्युनिष्टको फेरो समातेका छन्

: जितेन्द्र नारायण देव

अन्तर्वार्ता पृष्ठ ३ मा

**समय सन्दर्भ** संगीता रेग्मी



## केन्द्र र प्रदेशको खटनपटन र यसको निकास

> प्रदेशको सुरक्षाको जिम्मा प्रदेश प्रहरीलाई दिनुपर्छ । प्रमुख जिल्ला अधिकारी केन्द्रीय सरकारको आदेशमा चल्ने भएकाले उसले प्रदेश सरकारको आदेश नमान्दा अर्को द्वन्द्वको सिर्जना भएको छ ।

नयाँ प्रादेशिक संरचना सञ्चालन गर्न आवश्यक नीति, नियम, कानुन निर्माणमा ढिलाई, प्रशासनिक भवन सञ्चालनको व्यवस्थापनमा उदासीनता, कर्मचारी व्यवस्थापन, प्रदेशको मागलाई बेवास्ता आदि विषयमा अहिले प्रदेश र संघीय सरकारबीच द्वन्द्व बढेको छ । लगभग सबै प्रदेश सकरारहरूले यस्ता विषयमा केन्द्र सरकारले उदासीनता देखाएका कारण प्रदेशले काम गर्न नपाएको गुनासो गर्छन् ।

नीति, नियम, कानुनमा संघले नै ढिलाई गर्दा प्रदेशले योजनाहरू अगाडि बढाउन नपाएको मुख्यमन्त्रीहरूको गुनासो छ ।

प्रादेशिक संरचना तयार भएसँगै कर्मचारीको अभाव अहिलेसम्म पनि कायमै छ । संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय नभए संघीयता कार्यान्वयन गर्न कठिन हुन्छ ।

देश संघीयतामा गइसकेपछि प्रदेश सरकारहरूको काम, कर्तव्य र अधिकारका विषयमा संघीय सरकारले खुम्चाउने काम गरेको भन्दै हालै पोखरामा भेला भएका सात मध्ये ६ मुख्यमन्त्रीहरूले एकै स्वरमा गुनासो पोखेका हुन् । सबै मुख्यमन्त्रीहरूले संघीय सरकारले प्रदेश सरकारको काम खोस्ने काम गरेको तर्क गरे ।

मुख्यमन्त्रीहरूको पोखरा भेलाले संघीय सरकार र प्रदेश सरकारबीच ग्याप देखिएको महसुस हुन्छ । यद्यपी प्रदेश सरकारले शून्यबाट काम थाल्नु परेको र आफू उभिनुपर्ने आधार आफैँले बनाउनुपर्ने अवस्था रहेकाले ठूलै चुनौती व्यहोर्नु परेको छ । यस्तो अवस्थामा केन्द्र सरकारको सहयोग बिना प्रदेश सरकार संचालन हुन सक्दैन । तर केन्द्रले प्रदेशलाई सहयोग नगरेको मुख्यमन्त्रीहरूको गुनासोलाई सतही रूपमा मान्न सकिदैन ।

सिंहदरबारमा बसेर सम्पूर्ण अधिकार आफैं राख्छु भन्ने मनस्थितिले समस्या उत्पन्न गराएको छ । अहिले संघीयता कार्यान्वयन नहोस् भन्नेहरूको मनोबल वृद्धि भएर टाउको उठाएर, तीनवटै तहका सरकारहरूलाई अप्ठ्यारो पार्ने, विरोध गर्ने खालका गतिविधि हुन थालेका छन् । यसका लागि केन्द्र र प्रदेशसँगै जानुपर्ने आवश्यकता रहेको छ । यदि प्रदेश सरकारले गति लिन सकेनन् भने संघीयताको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ ।

देशको शासन व्यवस्था बदलिए पनि मानसिकता नबदलिएकोले प्रदेश सरकारलाई काम गर्न समस्या आएको छ ।

वास्तवमा संसारमा भएका संघीयताभन्दा फरक अभ्यास नेपालमा भएको हो । किनभने अरू देशमा दुईवटा तह छ भने नेपालले तीन तहको संघीयता कार्यान्वयन गरिरहेको छ । यस्तो अवस्थामा कुनै पनि प्रदेश र अन्तरसरकार एकअर्काका प्रतिस्पर्धी नभइ परिपूरक हुनुपर्छ । प्रदेश तह कमजोर भयो भने संघीयता पनि कमजोर बन्न सक्छ । नेपालको संविधानले प्रदेशलाई अधिकार र दायित्वका हिसाबले शक्तिशाली बनाएको छ । तर केन्द्रकै उदासिनताले प्रदेश कमजोर भइरहेको छ ।

प्रदेशमा प्रमुख जिल्ला अधिकारीको भूमिका स्पष्ट नभएकोले पनि समस्या उत्पन्न भएको हो । अहिले पनि सुरक्षा, विकास निर्माण र जिल्लाको प्रमुख सिडिओ नै छ । शान्ति सुरक्षाको जिम्मा प्रदेशमा आउनु पर्छ । प्रदेशको सुरक्षाको जिम्मा प्रदेश प्रहरीलाई दिनुपर्छ । प्रमुख जिल्ला अधिकारी केन्द्रीय सरकारको आदेशमा चल्ने भएकाले उसले प्रदेश सरकारको आदेश नमान्दा अर्को द्वन्द्वको सिर्जना भएको छ । प्रदेशले दिने बिदालाई अस्वीकार गरिनु भनेको प्रदेश सरकारको महत्वलाई काम आंकलन गर्नु नै हो तर यस विषयमा केन्द्रले कुनै पहल गरेको छैन । त्यसैले देशमा व्यवस्था बदलिएर पनि कर्मचारीतन्त्रको मानसिकता बदलिन सकेको छैन ।

त्यसैले संविधान कार्यान्वयनको सन्दर्भमा देखा परेका र प्रदेश सरकारले भोगेका समस्याका बारेमा छलफल गरेर निकासको बाटो खोजिनु पर्छ । प्रदेशलाई समस्याको पोको बनाएर मात्र हुँदैन, केन्द्रले समाधानका लागि पहल पनि गर्नुपर्छ । यसका लागि संविधानको धारा २३४ मा भएको संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न अन्तरप्रदेश परिषद्को बैठक तत्काल बस्नुपर्छ ।

प्रदेश सरकार बनेपछि सीडीओको अधिकार प्रदेशमा दिएर प्रदेशलाई झन् बलियो बनाउनु पर्छ । यस्तै, नागरिकता, राहदानी, सिफारिस र सीमा सुरक्षाबाहेक सबै अधिकार प्रदेशमा रहने व्यवस्था हुनुपर्छ ।



## सम्पादकीय

# राम मनोहर यादवहरूको मानवअधिकार खोई ?

प्रहरी हिरासतमै मृत्यु भएका बाँकेका राम मनोहर यादवको चर्चा अहिले सर्वत्र छ । उनको विषयमा अहिले मधेशमा आक्रोश बढेको छ । मृत्यु भएको करिब दुई हप्ता बित्न लाग्दा पनि यादवको शव पोस्टमार्टम गरिएको छैन ।

पीडित पक्षको तर्फबाट सिरहा गोलबजारका मेकानिकल इञ्जिनियर रामेश्वरप्रसाद सिंह लगायतले राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दर्ता तथा शव परीक्षण गर्नका लागि पहल गरिदिन भन्दै निवेदन दिएका हुन् । तर अहिलेसम्म आयोगले नै केही गर्न सकेको छ न त प्रहरीले सम्मानित आयोगको निर्देश पालन गरेको छ । हालसम्म पनि मृतकको शव परीक्षण नगरिएकाले अन्तिम संस्कार समेत हुन सकेको छैन ।

पक्राउ परेका बेला गरिएको स्वास्थ्य परीक्षण रिपोर्टमा उनको स्वास्थ्य अवस्था ठीक रहेको देखिन्छ । तर एक्कासी उनको मृत्यु भएपछि परिवार र आफन्तजन गहिरो शोकमा छन् । प्रहरीको चरम यातनाले मृत्यु भएको हुनसक्ने उनीहरूको अनुमान छ । पीडित परिवार महानगरीय प्रहरी परिसर काठमाडौं, प्रहरी हेडक्वार्टर नक्साल तथा जिल्ला प्रहरी कार्यालय बर्दियामा जाहेरी दिए पनि अहिलेसम्म त्यसको सुनुवाइ भएको छैन ।

यादवको शव काठमाडौंस्थित त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा राखिएको छ । तर प्रहरीले पोष्टमार्टमका लागि ढिलाइ गर्नु भनेको उसले यादवलाई चरम यातना दिएको हुनुपर्छ । कारण शव जति पुरानो हुँदै जान्छ त्यति नै यातना दिइएको भन्ने प्रमाण नष्ट हुनसक्ने भएकाले शव पोस्टमार्टममा ढिलाइ गरिएको अनुमान गर्न सकिन्छ ।

**मधेशी राजनीतिक दलहरू यस घटनाका बारेमा स्वयं प्रश्न भित्र घेरिएका छन् । केही मधेशी नेताहरूले संसदमा कुरा उठाए पनि पीडित परिवारका लागि केही पहल गर्न सकेका छैनन् । साथै, उनीहरू निरपेक्ष उदासीनता समेत देखाइरहेका छन् । यादवको मृत्यु प्रकरणमा मधेशीहरूको मौनता आश्चर्यजनक छ ।**

बाँकेको जानकी गाउँपालिका- ६ गनापुर कपासी घर भएका ३० वर्षीय यादवको प्रहरी हिरासतमा रहेका बेला १५ भाद्रमा मृत्यु भएको थियो । प्रहरी हिरासतमा रहँदा स्वास्थ्यमा गडबडी देखिएपछि काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचारका क्रममा यादवको मृत्यु भएको दाबी बर्दिया प्रहरीको छ । तर प्रहरीले उनको उच्च रक्तचापका कारण मृत्युको हुन सक्ने दाबी गरेको छ । यदि प्रहरीको दाबी सही हो भने शवको पोष्टमार्टम किन गर्न लगाएको छैन र शवलाई परिवारलाई किन हस्तान्तण गर्न सकेको छैन । यावत प्रश्नहरू उठ्नु स्वाभाविक हो र यसले प्रहरीको क्षमतामाथि आशंका पैदा गरेको छ । शव बुझाउन प्रहरीले ढिलाइ गर्नुको अर्थ यादवलाई हिरासतमा चरम यातना दिएको भन्ने आधारलाई पुष्टि गर्छ ।

उपप्रधान तथा स्वास्थ्य मन्त्री एवं संघीय समाजवादी फोरमका अभ्यक्ष उपेन्द्र यादवको कार्यक्रममा सहभागिता जनाउनु नै यादवको भूल थियो । स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ता रहेका उनले कार्यक्रममा सहभागी हुँदैमा आफ्ना केही साथीहरू सहित प्रक्राउ परेका थिए । प्रहरी हिरासतमै उनको मृत्यु भयो भने अन्य साथीहरू साधारण तारेखमा रिहा भएका छन् ।मन्त्रीलाई कालो झण्डा देखाउने आशंकामा यादव मारिनु र शव परीक्षण समेत नगरिनु आफैमा आपत्तिजनक छ । यादवको उपचारका लागि अधिकतम प्रयत्न नगर्नु, मृत्युको विषयमा प्रहरीले मानवीय संवेदना नदेखाउनु, यातना दिइनु र मानवोचित व्यवहार नगरिनु जस्ता विषय व्यक्तिको मानवअधिकारको हनन् हो । यो मानवअधिकारको मात्रै हनन् नभएर विभेदको राजनीति पनिसँग जोडिएको विषय बन्न पुगेको छ । केही नश्लीय मानसिकताका कारण अहिले पनि मधेशी समुदायसँग विभेद भइरहेको यो एउटा ज्वलन्त घटना पनि हो । होइन भने किन मानवअधिकारका नाममा खुलेका संगठनहरूले प्रहरीलाई दबाब दिन सकेका छैनन् । यस विषयमा मधेशी नागरिक समाजबाट पनि बलियो विरोध नहुनु आफैमा एउटा कमजोर दृष्टान्त हो । मधेशी राजनीतिक दलहरू यस घटनाका बारेमा स्वयं प्रश्न भित्र घेरिएका छन् । केही मधेशी नेताहरूले संसदमा कुरा उठाए पनि पीडित परिवारका लागि केही पहल गर्न सकेका छैनन् । साथै, उनीहरू निरपेक्ष उदासीनता समेत देखाइरहेका छन् । यादवको मृत्यु प्रकरणमा मधेशीहरू मौनता आश्चर्यजनक छ ।

## सातको सात बात



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट मेरो पहिलो चोटि भएको भारत भ्रमणले बलियो र स्थिर सरकारलाई सकारात्मक सन्देश दिएको छ । सबैको चासो नेपालमा राजनीतिक परिवर्तन र त्यसले गर्न लागेको आर्थिक समृद्धिका कार्यबारे रहेको छ । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**



कांग्रेस पार्टी विधिसम्मत चल्न सकिरहेको छैन । प्रतिनिधि र प्रदेशसभाको चुनावपछि कांग्रेस झन् लथालिङ्ग भएको छ यही पाराले पार्टी चल्न सक्दैन । पार्टीलाई विधिसम्मत चलाउन, गतिशिल बनाउन सबैले प्रत्यन गनुपर्छ । **प्रकाशमान श्रेष्ठ, नेता, नेपाली कांग्रेस**



सामाजिक सद्भाव र राष्ट्रिय सुरक्षामा खलल पुऱ्याउन खोज्ने केही तत्वहरू सक्रिय रहेका छन् त्यसले राष्ट्रिय एकतामा आँच पुऱ्याउन सक्नेछ । संविधान विरोधी तत्वले मुलुकलाई पुनः अस्थिरता र असफल बनाउन तयारी थालेका छन् तर हामी त्यस्तो योजनालाई सफल हुन दिँदैनौं । पूर्णचन्द्र थापा, प्रधानसेनापति



मधेशलाई हिजो कसले विभेद गऱ्यो, कसले पछि पाऱ्यो, किन हेपियो भन्ने सबैलाई थाहा छ, अबका दिनमा पछाडि पऱ्यौं भनेर बस्नुभन्दा समृद्ध प्रदेश कसरी बनाउन सकिन्छ भनेर जुट्ने समय आएको छ । मो.**लालबाबु राउत गद्दी, मुख्यमन्त्री, प्रदेश २**



संघीय सरकारले प्रदेश सरकारलाई किस्ताबन्दीमा दिने अधिकार मान्य हुँदैन । अधिकार बाँडफाँड गर्ने कार्यमा संघीय सरकार अनुदार बन्यो यसरी पेल्न खोजे संघीयता असफल हुन्छ । कर्मचारी व्यवस्थापनदेखि प्रदेशको समग्र विकासका लागि प्रदेश सरकार बलियो हुनुपर्छ । **पृथ्वीसुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



यही संविधानका कारण जनताका छोराछोरी सरकार प्रमुख र राष्ट्र प्रमुख हुन पाएका छन् । नेपालको इतिहासमा संविधान जारी भएको दिन गौरवपूर्ण दिनको रूपमा रहन्छ । नेपाली जनता सार्वसौमसत्तासम्पन्न भएको दिनलाई भव्य रूपमा मनाउनुपर्छ । **गोकुलप्रसाद बाँस्कोटा, संचार तथा सूचना प्रविधिमन्त्री**



महिलाविरूद्ध हिंसालगायत धैरै प्रकारका शोषण र विभेद उन्मुलन गर्न संविधान र कानुनमा संशोधन र सुरक्षा बलको पुनर्गठन गरी महिलालाई हरेक दृष्टिकोणबाट समान र सुरक्षित राख्ने सामर्थ्य यो सरकारसँग छ । गणतन्त्रमा स्वतन्त्र, सार्वभौम र समान अनुभूति गर्नु नागरिकको अधिकार हो , तर महिला यसबाट बञ्चित छन् भन्दा पीडाबोध हुन्छ । **सरिता गिरी, सांसद, संघीय समाजवादी फोरम नेपाल**

# निजगढ विमानस्थल कति उपयुक्त ?



रानी शर्मा तिवारी

एक दशकभन्दा पनि अगाडिबाट चर्चा शुरू भएको निजगढ विमानस्थल निर्माणका लागि नागरिक उडड्यन प्राधिकरणले २५५६ हेक्टर वन क्षेत्रमा रहेको करिब ६ लाख रूख काट्न वन मन्त्रालयसँग स्वीकृति मागेपछि फेरि चर्चामा छ । यति धैरै वन मासेर त्यस स्थानमा विमान स्थल बनाउन कति उपयुक्त भन्ने विषयमा बहस शुरू भएको छ ।

निजगढमा विमानस्थल निर्माणका लागि नेपाल सरकारले २०६४ सालमा कोरियन कम्पनी वर्ल्डवाइड ल्याण्डमार्कलाई सम्भाव्यता अध्ययन गर्ने जिम्मा दिएको थियो, जसले २०६८ सालमा आफ्नो प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदन विमानस्थलसँगै सहर निर्माण गर्ने गरी जम्मा ८,००० हेक्टर जग्गा आवश्यक पर्ने उल्लेख छ । त्यस प्रतिवेदनको आधारमा पूर्ण रूपमा विकास गर्दा भविष्यमा करिब १९ लाख रूख काटिने छ ।

चुरे विनाश र वन विनासले पर्यावरणमा नकारात्मक असर परेका कारण मरूभूमिकरण हुँदै गएको मधेशमा यस विमानस्थल निर्माणले थप नकारात्मक असर पर्ने निश्चित छ । एउटा अन्तर्राष्ट्रिय एयरपोर्टलाई आवश्यक १२०० देखि २००० हेक्टर जग्गा मात्र आवश्यक पर्छ । संसारका व्यस्त विमानस्थलहरू मध्येको एक लण्डनको हिथ्रो एयरपोर्टको क्षेत्रफल १२२७ हेक्टर छ, सन २०१७ मा करिब पौने ८ करोड यात्रुले यस विमानस्थलको प्रयोग गरे, त्यस्तै सन् २०१७ मा करिब सवा ७ करोड यात्रुले प्रयोग गरेको हङ्गकङ्ग अन्तर्राष्ट्रिय विमानस्थालको क्षेत्रफल जम्मा १२५५ हेक्टर रहेको छ । तर नेपाल सरकार यत्रो धैरै वन क्षेत्र विनास गर्ने बाटोमा किन अग्रसर छ, बुझ्न गाह्रो छ ।

विमानस्थल बनाउन वन फडानी गर्न लागिएको हो कि वन फडानीका लागि विमानस्थल निर्माण गर्न लागिएको हो भन्ने बुझ्न जरूरी छ । पञ्चायतकालमा वन फडानी गरेर काठ निर्यात र एउटा समुदाय विशेषको वस्तीहरू मधेशमा विकास/विस्तार गर्न महेन्द्र राजमार्गको नाममा वन विनास गरिएजस्तै, निजगढ विमानस्थल र विमानस्थलसँगै शहर निर्माण गर्ने षड्यन्त्र भइरहेको त छैन भन्ने आशंका उब्जिएको छ । कतिपयलाई लाग्न सक्छ यो तर्क विकास विरोधी छ, वा पूर्वाग्रही छ । तर त्यसो होइन, अन्तर्राष्ट्रिय स्तरको विमानस्थल निर्माणका लागि विकल्प नभएको भए जङ्गल फडानी गरेरै भए पनि विमानस्थल निर्माण गर्नु पर्थ्यो । तर विकल्प थियो, विकल्प छ ।

कतिपयले निर्माणको क्रममा रहेको काठमाडौं-निजगढ फास्ट ट्र्याकबाट काठमाडौं नजिक हुने भएकोले निजगढमा विमानस्थल बनाउन उपयुक्त छ भन्ने तर्क गर्छन् । निजगढबाट करिब २० किलोमिटर (नयाँ सिधा सडक निर्माण गरे १५ किलोमिटर) को दूरीमा रहेको सिमरा विमानस्थलको विस्तार गरी अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्न सकिन्छ ।

२ नं. प्रदेशको राजधानी जनकपुरमा रहेको विमानस्थललाई समेत अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्न सकिन्छ । एउटा कुरा के सत्य हो भने सिमरा वा जनकपुरमा विमानस्थल विस्तार गर्दा गर्नु पर्ने जग्गा अधिग्रहणले विमानस्थल निर्माणको खर्चलाई केही बढाउँछ, तर निजगढमा विमानस्थल निर्माणले हुने वन तथा वातावरण विनासको अगाडि त्यो खर्च नगण्य नै हो ।

अन्य देशहरूले वार्षिक अर्बौं डलर वातावरण संरक्षणमा खर्च गरिरहेको र नेपालमै पनि चुरे संरक्षण लगायतका वातावरण संरक्षण कार्यमा करोडौं खर्च हुने गरेको सन्दर्भमा विमानस्थलको निर्माणमा केही अर्बको खर्च घटाउन वन विनास गर्नु कुनै हालतमा उपयुक्त होइन । अर्कोतर्फ चुरे संरक्षण गर्न चुरे क्षेत्रमा रहेका वस्तीहरू विस्थापित गरी चुरेलाई मानव वस्तीविहीन बनाउन मागहरू उठिरहेको समयमा फेरि विमानस्थल निर्माणको नाममा वन विनाश गर्नु कुनै हालतमा उपयुक्त होइन ।

नेपाल सरकार र संबन्धित निकाय पञ्चायतकालीन मानसिकताबाट माथी उठ्न जरूरी छ । न विमानस्थलका लागि वन विनाश आवश्यक छ, न शहर विकासका लगि । अहिले भएका विमानस्थलहरूलाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विकास गर्न सम्भव छ भने, मध्यपाहाडी राजमार्ग र हुलाकी राजमार्ग वरीपरी आधुनिक शहर निर्माणको योजनाहरू सरकारले अगाडि बढाइसकेको छ ।

वस्ती विकासका नाममा मधेशको भूमिमा कुनै समुदाय विशेषको उपस्थिति बढाउनुको न कुनै औचित्य छ, न आवश्यक्ता नै । उडड्यन प्राधिकरणको रूख काट्ने अनुमतिका लागि वन मन्त्रालयलाई गरिएको अनुरोधलाई बल पुऱ्याउन पर्यटनमन्त्री रविन्द्र अधिकारीले आइतबार वनमन्त्री शक्ति बस्नेतलाई भेटेरै तत्काल निर्णयका लागि दबाब दिनुले झन् संशय सिर्जना गरेको छ ।

विमान स्थल निर्माण सोही स्थानमा गरिने भएमा पनि रूख काट्ने भनेको निर्माण कार्य शुरू हुनु अगाडि हो । तर निजगढ विमानस्थल निर्माणका लागि पिपिपि मोडेलमा जाने भनिएको छ, जसको लागि टेण्डर समेत भएको छैन । टेण्डर पश्चात पनि सम्झौता हुन केही वर्षसम्म लाग्न सक्छ । तर प्राधिकरण र मन्त्री रूख काट्न हतारिनुले आशंका झन् बढाएको छ ।

> केन्द्र सरकारको २ वटा मन्त्रालय प्रदेशको अधिकार क्षेत्रमा रहेको वन फडानी गर्न प्रकृया अगाडि बढाउनु आफैमा असंवैधानिक छ ।

नेपालको संविधान २०७२ को प्रदेशको अधिकार सम्बन्धी अनुशुची ६ को १९ नम्बरमा प्रदेश भित्रको राष्ट्रिय वनलाई पनि राखिएको छ । यसको अर्थ के हो भने प्रदेशभित्र रहेको राष्ट्रिय वन सम्बन्धी अधिकार प्रदेश सरकारसँग छ । निजगढमा रहेको वन प्रदेश नं. २ मा रहेको राष्ट्रिय वन हो । तर केन्द्र सरकारको २ वटा मन्त्रालय प्रदेशको अधिकार क्षेत्रमा रहेको वन फडानी गर्न प्रकृया अगाडि बढाउनु आफैमा असंवैधानिक छ । संघीयता लागू भइसकेको अवस्थामा प्रदेशभित्र कुनै पनि विकासका योजना अगाडि बढाउन प्रदेश सरकारसँग सल्लाह र सहकार्य गरिनुपर्दछ, संघीयता लागू हुनु अगाडि केन्द्रले अगाडि बढाएका तर शुरू नभएका योजनाका बारेमा प्रदेश सरकार समेतको सहमतिमा अगाडि बढाइनु पर्छ । तर निजगढ विमानस्थलको सन्दर्भमा प्रदेश सरकारसँग सल्लाह/सहकार्य गर्नुको सट्टा प्रदेश सरकारको अधिकार क्षेत्रमा रहेको वन प्रदेश सरकारको सहमति विना नै फडानी गर्न नेपाल सरकार अगाडि बढ्नुले केन्द्रीय सरकार संघीयता र संविधानप्रति गैरजिम्मेवार रूपमा अगाडि बढेको भान हुन्छ ।

> विमानस्थल बनाउन वन फडानी गर्न लागिएको हो कि वन फडानीका लागि विमानस्थल निर्माण गर्न लागिएको हो बुझ्न जरूरी छ ।

प्रदेश नं. २ मा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा प्रदेश २ को सरकारसँग समेत सल्लाह गरी सहमतिमा निर्माण गर्दा उपयुक्त हुन्छ । अर्को तर्फ प्रदेश सरकारले समेत आफ्नो अधिकार क्षेत्रमा रहेको वन विनाश रोक्न समयमै केन्द्र सरकारसँग समन्वय गरेर वैकल्पिक स्थलको चयन गर्न अग्रसर हुनुपर्छ । प्रदेश सरकारले सिमरा विमानस्थल लगायतका विकल्प केन्द्र सरकार समक्ष अगाडि सार्नु पर्दछ । यसो गर्न सकिएन भने विकासको नाममा वन विनाश हुने र यसले मधेशको वातावरणमा थप नकारात्मक प्रभाव पर्ने निश्चित छ ।

# बारामा ५० वर्षपछि जातीय विभेद अन्त्य

**अनिल गुप्ता**

बारा । बाराको इतिहासमा पहिलोपल्ट ५० वर्ष पछि जातीय विभेद अन्त्य गरी सिम्रौनगढ नगरपालिकामा वडा नं.७ झवानीस्थित महादेव मन्दिरमा दलित तथा गैर दलितले शिव मन्दिरमा प्रवेश गरी पुजापाठ गरेका छन् । जातीय विभेद नगर्ने सहमतिपछि दलितहरूले करिब ५० बर्षपछि मन्दिर प्रवेश गर्न पाएका छन् । बर्षेदेखि यहाँका दलितलहरूलाई गैरदलितहरूले मन्दिर प्रवेश गर्न गर्नमा रोक लगाएका थिए । सोमवार भएको छलफलपछि मन्दिर प्रवेश गर्ने सहमति भएको हो । सहमति पछी झवानिका दलितहरू मंगलवार मन्दिर प्रवेश गरेर पूजाआर्जासमेत गरेको हो । बर्षौपछि गाउँको शिवमहादेव मन्दिरमा प्रवेश गरेर पूजा गर्न पाएपछि आफुहरू खुसी भएको वडा नम्बर ७ का वडा सदस्य सरस्वती रामले बताएकी छिन् । 'वर्षौंदेखि मन्दिर प्रवेश नपाएको र मंगलबार मन्दिरमा पसी निर्धक्क भई पूजा गर्न पाउँदा खुसी लागेको छ,' स्थानीय दलित अगुवा बिनोद राम भने । करिब १ हप्ता अगाडी सिम्रौनगढ नगरपालिकाका मेयर बिजयशंकर यादवको पहलमा दलितहरूसँग अहिलेको जमनामा पनि छुवाछुत तथा भेदभाव गर्नु कानुनको विपरित भएको ठहर अनुसार मन्दिरमा निर्वाधरूपमा दलित समुदायका ब्यक्तिहरूलाई पुजापाठ गर्नका लागि पहल गर्न दलित र गैर दलित मिलाई ९ सदस्यी बर्ताका लागि बर्ता टोली गठन गरेको थियो । राष्ट्रिय सभाका साँसद रामपृत पासवान, नेपाल दलितसंघका केन्द्रिय सदस्य धर्मेन्द्र पासवान, दलित अभियन्ता रामबिनय पासवान, नेपाल पत्रकारमहासंघ प्रदेश नम्बर २ का अध्यक्ष दिपेन्द्र चौहान, प्रदेश सदस्य सिकेन्द्र पासवान, प्रहरी नायव उपरिक्षक रंजित सिह रठौर, प्रहरी निरिक्षक खगेन्द्र धमला, शस्शत्र प्रहरी निरिक्षक, मधेशी दलित गैर सरकारी संस्था रौतहटका अध्यक्ष उदयनारायण राम, दलित एकीकृत बिकास नेपालका नन्दकिशोर पासवान,दलित अधिकार मञ्च रौतहटका अध्यक्ष सबिन्द्र राम, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ रौतहटका अध्यक्ष सुखाडी बैठा, रौतहटका दलित अगुवा अनूप माझी, युवा बिधार्थी संघर्ष समितिका सन्नी गुप्ता, पूर्व गाविस अमृतगंजका अध्यक्ष गगनदेव कुशवाहा, झवानीका दलित स्थानियहरू नन्दू राम, बिनोद राम,सरस्वती देवी राम लगायतका ब्यक्तिहरूको पहलमा समस्या समाधान गर्न दवाव सृजना भएपछि समस्या सुल्झेको हो । यसैविच दलित समुदायका ब्यक्तिहरूले मन्दिरमा निर्वाद रूपमा दलित समुदायका ब्यक्तिहरूलाई प्रवेश गर्न दिएको सबैलाई धन्यवाद दिदैं अभार प्रकट गरेका छन् । सिम्रौनगढ नगरपालिका वडा नम्बर ७ का वडाअध्यक्ष रमेश कुर्मीको संयोजकत्वमा गठन गरिएको समितिका सदस्यहरू अवधेश सहनी, रामकिसुन महतो, रामबाबू राम, बिनोद राम, राजन दुबे, सोहान राम, नन्दु राम, अमित सिह सहितको बैठकले ५ बुँदे निर्णय गरेको हो । मन्दिरमा पुजापाठ निर्वादरूपमा गर्नदिने, पुजारी ब्यवस्थापन गर्ने, दुवैतर्फबाट फोहर गाली ग्लौज गर्न नपाउने, आजैका मितिदेखि छुवाछुत तथा भेदभाव अन्य गर्ने र चर्पी निर्माण गर्ने सहमति भएको समितिका संयोजक वडाअध्यक्ष कुर्मीले जानकारी दिए ।

# राइस मिलका लागि गठित छानविन समितिको काम अन्यौलमा

राकेश यादव, रौतहट । प्रदेश २ को सरकारले रौतहटको मुटुको रूपमा रहेको गौर राइस मिलको जग्गा सम्बन्धमा छानविन गर्नका लागि गठन गरेको उच्च स्तरीय छानविन समितिको काम सुस्त देखिएको छ । भूमाफियाको गिद्दे नजर भएको राईस मिलको ६ विघा जग्गा सार्वजनिकीकरण गर्नु पर्ने भन्दै स्थानीयहरूले २७ दिन लामो धरना बसे पछि २८औं दिन प्रदेश सरकारका आतंरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव धरना स्थलमा आएर लिखित प्रतिवद्धता जनाए पछि साउन ५ गते ऐतिहासिक राईस जग्गा बचाओ संघर्ष समितिले आफ्नो कार्यक्रमको विराम दिएको थियो । प्रतिवद्धता जनाएको समयभित्र सरकारले उच्चस्तरीय छानविन बनाउन नसकी ३ दिन पछि ५ सदस्यीय छानविन समिति बनाई तीन महीना भित्रमा प्रतिवेदन पेश गर्ने समय सिमा दिएको छ । प्रदेश सरकारका नेतृत्व गरिरहेका पार्टीको पहिचान दिने जग्गा राइस मिलको मैदान रहेको छ । तत्कालीन मधेशी जनाधिकार फोरम नेपाल रहेको बेला जारी मधेश आन्दोलनको समय २०६३ चैत्र ७ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबीच झडप हुँदा फोरम कार्यकर्ताको फट्टाले माओवादीका २७ जना कार्यकर्ता मृत्यु भएको ठाउँ राइस मिलको जग्गा आज भू माफियाले कब्जा गरी बिक्री गर्न खोज्दा त्यहीं पार्टीका सरकारले कुनै चासो दिखाई रहेको छैन ।

पहिचान, अधिकारको नारा दिएर मधेशी जनतालाई पटक पटक बलिदानी दिन बाध्य बनाउँदै आएका फोरम नेपालका नेताले आफूलाई विश्वको सामु पहिचान गराएका मैदान राइस मिलको जग्गा बचाउन कुनै ठोस कदम नचाल्नु लज्जास्पद भएको जनसमुदायले तीव्र आलोचना गरिरहेका छन् । सर्वोच्च अदालत, उच्च अदालतबाट दवाव सृजना गरिरहेका भूमाफिया गिरोह जसरी भए जग्गा कव्जा गर्ने दाउमा रहेका छन् भने अर्कोतर्फ गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ता जसरी भए पनि अधिग्रहण गरी सार्वजानिक प्रयोगमा ल्याउने अठोट गरेका छन् । भूमाफिया र नगरप्रमुखबीचको लडाईमा आएका प्रदेश सरकारले तीन महिना भित्रमा जग्गा विषयको निष्कर्षमा पुर्याउने बाचा गरी गठन गरेका छानविन समितिको समय करीव २ महिना बित्न लाग्दा पनि अहिलेसम्मको उपलब्धि भने शून्य रहेको छ । छिटोभन्दा छिटो प्रतिवेदन पेश गर्न दबाब दिनुपर्ने अवस्था आएको छ ।

# मधेशी दलहरूले कम्युनिष्टको फेरो समातेका छन्

हाम्रो सन्दर्भमा संविधान संशोधनको आवश्यक्ता र औचित्य त्यतिबेला नै थियो, जतिबेला हामीले संविधानमा हस्ताक्षर गरेनौं । संविधान संशोधन नचाहने, मधेशी जनतालाई अधिकार दिन नचाहने, पहिचान विरोधी, संघीयतालाई कमजोर बनाउन चाहनेहरू राजनीतिक पार्टी र नेताहरूको भनाई हो औचित्य र आवश्यकत्ताको आधारमा संविधान संशोधन हुन्छ । यो त एउटा षड्यन्त्रकारी भाषा हो ।



## जितेन्द्र नारायण देव

### नेता, नेपाली कांग्रेस तथा राष्ट्रिसभा सदस्य

**० नेपाल लोकतानित्रक फोरमलाई नेपाली काँग्रेसमा समायोजन गरेदेखि तपाईहरू कति सन्तुष्ट हुनुहन्छ ?**

– राजनीतिक र वैचारिक रूपमा हामी सन्तुष्ट नै छौं तर सांगठनिक रूपमा समायोजनको काम बाँकी छ । अहिलेसम्म विभिन्न कारणले गर्दा समायोजनको काम भइसकेको छैन । भदौ २८ गतेदेखि सुरू भएको पार्टीको केन्द्रीय समितिको बैठकले समायोजनको कुरा अगाडि बढ्छ भन्ने विश्वास लिएका छौं ।

**० अहिलेसम्मको अवस्थालाई हेर्दा सन्तुष्ट नै हुनुहुन्छ ?**

– असन्तुष्ट हुने त कुनै कारण नै छैन । नेताहरू वा केन्द्रीय समितिले नचाहेर मात्र समायोजनको काम अगाडि नबढेको होइन । केही त विधानको समस्याले गर्दा पनि हो । नेपाली काँग्रेसको विधान पुरानो छ । अहिले संविधान जारी भइसकेको अवस्था पनि छ । त्यसको आवश्यक्ता र औचित्यको आधारमा पार्टी विधानमा जुन परिमार्जन र संशोधन हुनुपर्दथ्यो त्यो भएको छैन । नेपाली काँग्रेसको विधान परिमार्जन र संशोधनको आफ्नै व्यवस्था छ । केन्द्रीय समितिले प्रस्ताव गर्छ र महासमितिबाट त्यसको अनुमोदन हुन्छ । महासमितिको बैठक महाधिवेशन पछि हुन सकेको छैन । तर आगामी मंसिरको ५ देखि ९ गतेसम्म हामीले महासमिति बैठकको मिति तोकेका छौं । केही कुराहरू ठोस रूपमा केन्द्रीय कार्यसमितिको बैठकबाट सम्बोधन हुन्छ भन्ने मलाई लाग्छ । जो साथीहरू पूर्व फोरम लोकतान्त्रिक पार्टीमा हुँदा निक्कै सक्रिय हुनुहुन्थ्यो, ती साथीहरूले लामो समयसम्म ठोस जिम्मेवारी नपाउँदा असन्तुष्टि बढ्दै जानु स्वभाविक नै हो । केही व्यक्तिहरू अर्को पार्टीतिर पनि लाग्नुभयो । समयमा समायोजन नहुँदा नेपाली कांग्रेसलाई नै घाटा हुने कामहरू त भएको छ । हिजोको आन्दोलनको अवस्था, तीन चरणको निर्वाचनको अवस्थाले गर्दा लामो समयसम्म त्यतै व्यस्त भइयो । हिजोको दिन जे-जस्तो रहेता पनि अब यो मुद्दा तुरून्तै सम्बोधन भएर जान्छ भन्ने मलाई लाग्छ ।

**० पूर्व पार्टीका अध्यक्ष विजय कुमार गच्छदारले त सार्वजनिक रूपमा नै असन्तुष्टि पोख्दै आउनुभएको छ । उहाँले विवश भएर पार्टीबाटै बाहिरिने अवस्था पनि आउन सक्छ चेतावनी पनि दिनुभएको छ नि ?**

– मैले बुझे अनुसार गच्छदारजीले दिनुभएको अभिव्यक्तिको आधारमा मिडियामा जे-जस्ता खबरहरू सम्प्रेषित भयो त्यसमा सत्यता छैन । गच्छदारजीले विधानलाई छिट्टो सच्याएर काम अगाडि बढाउनु पर्‍यो र हाम्रो माग सम्बोधन गर्नु पर्‍यो भनेर भन्नुभएको हो । यसरी ढिलासुस्ती गर्नुहुँदैन भनेर असन्तृष्टि व्यक्त गर्नुभएको थियो । तर यसको मतलव यो होइन कि हामीले विकल्प सोचर अन्तै जाने र छुट्टै पार्टी बनाउने हो ।

**० निर्वाचनको पूर्वसन्ध्यामा पार्टी एकीकरण गर्नुभयो, तर, सहमतिअनुरूप पूर्वपार्टीका प्रतिनिधि र प्रदेशसभामा टिकट दिइएन भन्ने गुनासो त तपाईकै पार्टीका नेताहरूबाट आइरहेको छ, यस्ता गुनासोहरूलाई कसरी समेट्नु हुन्छ ?**

– यस्ता कुरामा कुनै दम छैन । प्रतिनिधिसभामा टिकट पाउने सन्दर्भमा म र विजयकुमार गच्छदार बाहेक रामजनम चौधरी, गोपाल दहितले प्रतिनिधिसभाको निर्वाचनमा टिकट पायौं । त्यस्तै प्रदेशसभाको निर्वाचनमा चुननारायण चौधारी, जनक चौधरीजीले टिकट पाउनुभयो । अझ दुई चारजना साथीहरूले अझ बढी टिकट पाएको भए राम्रो हुन्थ्यो पनि भनेका थिए । समानुपातिकमा पनि एक/दुई जनालाई समेट्न पाएको भए अझ राम्रो हुन्थ्यो भन्ने सोच त आइहाल्छ । यसपाली सबै चरणका निर्वाचनहरूमा पार्टीले नै ठूलो हार ब्योर्होनु पर्‍यो । समानुपातिकमा पनि पार्टीको सिट पहिलेभन्दा खुम्चिएर आएको छ । त्यस अनुसार समावेशी कोटामा हामी पनि खुम्चिनु पर्ने अवस्था भयो ।

**० पार्टी एकीकरण पछि आजको दिनसम्म पछुतो त भएको छैन ?**

– पहिले पनि हामीले मधेशको मुद्दा उठाउँदै आएको हौं । अहिले पनि आफूलाई मधेशी दल भन्नेहरू भन्दा पनि हामी नेपाली काँग्रेस भित्रका मधेशीहरू बढी सक्रिय भएर काम गरिरहेका छौं । हामीलाई गौरव महसुस हुन्छ । जतिबेला हामी सरकारमा थियौं, शेरबहादुर देउवाजीको नेतृत्वको सरकारले संविधान संशोधनको प्रस्ताव संसदमा लगेको थियो । कम्युनिष्टहरूको कारणले गर्दा नै त्यो प्रस्ताव पास हुन सकेन । आज मधेशवादी दलहरू त्यही कम्युनिष्टहरूको फेरो समातेर कोही सरकारमा छ त कोही सरकारलाई समर्थन गरिरहेको छ । आजको दिनमा नेपाली काँग्रेसभन्दा दृढताका साथ प्रजातन्त्र र मधेशको लागि लड्ने कुनै पनि पार्टी देख्दिन । आफूलाई मधेशवादी पार्टी भन्नेहरूलाई त लज्जाबोध हुनुपर्ने अवस्था भइसकेको छ, उनीहरूको आफ्नै व्यवहारले गर्दा । आफूलाई मधेशको मसिहा हुँ भन्ने कै अगाडि राममनोहर यादव समातिन्छ, हिरासतमा लगिन्छ र मृत्युवरण हुन्छ । यो अवस्था हेर्दाखेरी त नेपाली काँग्रेस नै यो मुलुकमा यस्तो एउटा पार्टी हो त्यसले आफ्नो सैद्धान्तिक राजनीतिक पोजिसन कहिल्यै परिवर्तन गर्दैन । अहिले पनि हामी संविधान संशोधनको एजेण्डालाई लिएरै हिडिरहेका छौं । नेपाली काँग्रेस भित्र मधेशका मुद्दाको विषयमा व्यापक छलफल गर्ने, विचार विमर्श गर्ने वातावरण छ तर त्यस्तो अवस्था कम्युनिष्ट पार्टीमा छैन । कम्युनिष्ट पार्टी भित्र रहेका मधेशीहरू मातृका यादव, प्रभु साहहरूले त्यस पार्टीभित्र बसेर मधेशको मुद्दाको विषयमा बोल्न सक्ने अवस्था अब रहेन । एमाले र माओवादी मिलिसकेपछि बनेको कम्युनिष्ट पार्टीमा मधेशको मुद्दा उठाउनै नपाइने भइसकेको अवस्था रहेका छ भने मधेशवादीहरू सत्ताको स्वाद लिनको लागि नै व्यस्त छन् । हिजो विजय कुमार गच्छदार सरकारमा गयो भनेर गाली गर्ने राजपा र फोरमका नेताहरूलाई अब म सोध्न चाहन्छु, संविधान संशोधन कहिले हुन्छ ? मुख्य रूपमा प्रतिनिधित्वको सवाल र संघीयताको सिमानाको सवालमा ५० भन्दा बढी मधेशीहरूले शहादत दिए, रगत बग्यो, शहिद भए आज सयौं अपांग भएका छन् कति अस्पतालमा नै छन् । तिनीहरूका लागि मधेशी दलहरूले सोच्नुपर्दैन ?

**० उपेन्द्र यादवको कार्यक्रमबाट पक्राउ परी हिरासतमा लगेपछि मृत्यु भएका राममनोहर यादवको अहिलेसम्म पोष्टमार्टम पनि हुन सकेको छैन ।यस विषयमा सम्बन्धित पक्षको ध्यान किन नगएको होला ?**

– राममनोहर यादवको गैरन्यायिक किसिमबाट हत्या भएको हो कि भन्ने बुझिन्छ । पत्रपत्रिकामा, बुद्धिजीवि, मानवअधिकारवादीहरूले त्यही कोणबाट कुराहरू ल्याइराखेका छन् । हत्या हो कि मृत्यु भएको हो भनेर बुझ्नको लागि त पोष्टमार्टम हुनुपर्छ । न्यायिक छानबिन समिति गठन हुनुपर्छ । नेपालमा अहिलेको संविधानअन्तर्गत समावेशी लोकतन्त्र र मानवअधिकारको नयाँ मूल्य र मान्यताको आधारमा प्रहरी भनेको जनताको भक्षक होइन रक्षक हो । जब गुण्डाहरू, बदमासहरू, अपराधीहरूले सर्वसाधारणमाथि आक्रमण गर्छ, उ ज्यान जोगाउन प्रहरीकोमा जान्छ किनकी प्रहरी हाम्रो रक्षक हो हामीलाई सुरक्षा दिन्छ भन्ने नेपाली जनताको बुझाई रहेको छ । राममनोहर यादव प्रहरीसँगै हिरासतसम्म आइसकेको अवस्थामा उसलाई बचाउने, हरसम्भव उपचार गराउने प्रयास प्रहरीको हो । पोष्टमार्टम नै हुन नसक्नुको कारण के हो ? न्यायिक छानबिन समिति सरकारले किन नबनाएको ? यसो हुँदा त दिनप्रतिदिन आशंका बढ्दै जान्छ । अन्तर्राष्ट्रिय मानवअधिकारवादी संगठनहरूले पनि यो कुरा उठाइरहेको छ । नेपाल भित्रका अधिकारवादी संगठनहरूले पनि आवाज उठाएका छन् ।

**० संविधान संशोधन आवश्यक्ता र औचित्यको आधारमा हुन्छ भनेर जसरी यो सरकारले भन्दै आएको छ, तपाईंहरूलाई के लाग्छ अहिले संविधान संशोधनको आवश्यक्ता छ ?**

– यो त आडम्बरी कुरा भयो । मधेशवादी दलहरूले प्रधानमन्त्रीको यो कुरालाई विश्वास गरेको देखेर मलाई त विरक्त लागेको छ । औचित्य र आवश्यक्ताको आधारमा संविधान संशोधन हुन्छ भन्नुको मतलब अहिले औचित्य छैन र औचित्य र आवश्यक्ता भएपछि गरौला भन्ने नेपाल कम्युनिष्ट पार्टीको अध्यक्षको भनाई हो । यो त एउटा राजनीतिक पोजिसन हो केपी ओलीको । मधेशी दलका हिजोको पोजिसन के थियो ? यो संविधानमा पहिचान, संघीयता, प्रतिनिधित्व, सिमाकनको सन्दर्भमा धेरै कमजोरी रहेको छ । त्यसलाई सच्याउनुपर्छ भनेर मधेशी दलहरू संविधानसभाबाट बाहिर निस्केर सडकमा आन्दोलन गरेका होएनन् ? हाम्रो पार्टी तत्कालीन फोरम लोकतान्त्रिकले संविधानमा हस्ताक्षर नगरेर निस्केको हो नि त । हाम्रो सन्दर्भमा संविधान संशोधनको आवश्यक्ता र औचित्य त्यतिबेला नै थियो, जतिबेला हामीले संविधानमा हस्ताक्षर गरेनौं । संविधान संशोधन नचाहने, मधेशी जनतालाई अधिकार दिन नचाहने, पहिचान विरोधी, संघीयतालाई कमजोर बनाउन चाहनेहरू राजनीतिक पार्टी र नेताहरूको भनाई हो औचित्य र आवश्यकत्ताको आधारमा संविधान संशोधन हुन्छ । यो त एउटा षड्यन्त्रकारी भाषा हो ।

**० त्यसो भए केपी ओलीले मधेशी दलहरूलाई ढाँटेका हुन् त ?**

– एकदमै ढाँट्ने काम गरिरहेका छन् र यदि साँच्चै मधेशको विषयलाई सम्बोधन गर्ने हो भने प्रतिनिधत्वको मुद्दाको सन्दर्भमा एउटा ड्राफ्ट बनाउनुपर्छ । संघीयताको सिमाकनको सन्दर्भमा संघीय आयोग बनाउनुपर्छ । भाषा र नागरिकताको सन्दर्भमा कुरा संसदमा आइसकेको छ । मधेशको पहिचान र लोकतान्त्रिक आन्दोलनको मुख्य विषय भनेको संघीयताको सिमाकनको विषय हो । त्यो सन्दर्भमा उपयुक्त बाटो भनेको संविधानको प्रावधान अनुसार संघीय आयोग बनाएर निष्कर्षमा पुग्नु नै हो । संविधान मान्दैनौं भनेर जुन जुन पार्टीले विरोध गरिरहेका छन् तिनीहरू सबैलाई संविधानको स्वामित्व दिलाउनु अहिलेको आवश्यक्ता हो ।

**० अहिलेको अवस्थामा नेपाली काँग्रेसले संघीय संसदमा जसरी प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने थियो त्यस्तो पाइदैन, संख्याको हिसाबले पनि काँग्रेस सशक्त प्रतिपक्षमा छैन । यता राष्ट्रिय जनता पार्टी सरकारलाई समर्थन गरेर सरकार बाहिर बसिरहेको अवस्था छ । राजपा र कांग्रेसबीच सहकार्य भएर एउटा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न सक्ने सम्भावना कति छ ?**

– त्यो सम्भावना छ । राजपाको नेतृत्वमा र उपेन्द्र यादवमा एक प्रकारको भ्रम छ कि उनीहरूको माग यो सरकारले पूरा गरिदिन्छ । उपेन्द्र यादवलाई म धेरै कुरा भन्न चाहन्न किनकी उनी मधेशवादीको मुखौंटा लगाएको एउटा कम्युनिष्ट हुन । समय आउँछ, जतिबेला उपेन्द्र यादवका पार्टी भित्रका सच्चा पहिचानका लागि लड्ने, संघीयता र समावेशीताको लागि लड्ने तप्काहरूले यो कुरा बुझ्ने छन् । राजपा आफूलाई मधेशको लोकतान्त्रिक पार्टी ठान्छ र उ भित्र लोकतान्त्रिक संस्कार र परिपाटी छ । यो सरकारले मधेशको मुद्दा सम्बोधन गर्छ भन्ने भ्रमबाट राजपा पनि ढिलोचाँडो मुक्त हुन्छ । त्यसपछि राजपा र नेपाली कांग्रेसबीच एउटा ठूलो लोकतान्त्रिक पार्टीको अवधारणा अन्तर्गत गठबन्धन बन्ने सम्भावनाहरू प्रशस्त छन् । नेपालको लोकतान्त्रिक समावेशी आन्दोलनको आवश्यकत्ता पनि यहि हो ।

**० कांग्रेसभित्र धेरै गुटहरू छन् । तपाईहरू यो पार्टीमा समाहित भएपछि छुट्टै गुट बनाउनु भएको छ कि अन्य गुटमै हुनुहुन्छ ?**

– हामी कुनै गुटमा छैनौं । हामी एकदम संस्थागत रूपमा शेरबहादुर देउवाको नेतृत्वमा पार्टीको जे फैसला हुन्छ त्यो फैसलालाई मानेर लागू गर्छौं । हामी पार्टीसँग छौं ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*



☞ पहिले पनि हामीले मधेशको मुद्दा उठाउँदै आएको हौं। अहिले पनि आफूलाई मधेशी दल भन्नेहरू भन्दा पनि हामी नेपाली कांग्रेस भित्रका मधेशीहरू बढी सक्रिय भएर काम गरिरहेका छौं।

☞ आफूलाई मधेशवादी पार्टी भन्नेहरूलाई त लज्जाबोध हुनुपर्ने अवस्था भइसकेको छ, उनीहरूको आफ्नै व्यवहारले गर्दा। आफूलाई मधेशको मसिहा हुँ भन्नेकै अगाडि राममनोहर यादव समातिन्छ, हिरासतमा लगिन्छ र मृत्युवरण हुन्छ।

☞ मधेशवादी दलहरूले प्रधानमन्त्रीको यो कुरालाई विश्वास गरेको देखेर मलाई त विरक्त लागेको छ। औचित्य र आवश्यक्ताको आधारमा संविधान संशोधन हुन्छ भन्नुको मतलब अहिले औचित्य छैन र औचित्य र आवश्यक्ता भएपछि गरौंला भन्ने नेपाल कम्युनिष्ट पार्टीको अध्यक्षको भनाई हो।

☞ राजपाको नेतृत्वमा र उपेन्द्र यादवमा एक प्रकारको भ्रम छ कि उनीहरूको माग यो सरकारले पूरा गरिदिन्छ। उपेन्द्र यादवलाई म धेरै कुरा भन्न चाहन्न किनकी उनी मधेशवादीको मुखौंटा लगाएको एउटा कम्युनिष्ट हुन्।

# संविधान दिवस कि कालो दिवस

## हर्षोल्लासका साथ संविधान दिवस मनाउने अवस्था छैन



**शुकेश्वर पाठ, वरिष्ठ पत्रकार**

ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन र जनयुद्धपछि जनताको अपेक्षाअनुसार संविधानसभाबाट जारी भएको संविधानलाई एक प्रकारले सकारात्मकरूपमा लिनुपर्छ। तर, संविधानसभाबाट संविधान जारी होस् भन्ने मात्रै त्यसको उद्देश्य थिएन। शोषित, पीडित, उपेक्षितहरूको भावना, आकांक्षाको प्रतिविम्बित होस् भन्ने चाहना थियो। त्यस हिसाबले संविधान जारी भएको दिनलाई सकारात्मकरूपमा लिनुपर्छ तर जसरी शोषित, पीडितहरूले विरोध गरे त्यसको सम्बोधन नभएको हुनाले निराशाजनकरूपमा पनि लिनुपर्ने हुन्छ। जहाँसम्म कुरा छ, मधेशकेन्द्रितहरूको भूमिकाको विषयमा, संविधानका त्रुटिहरूलाई सच्याउनुपर्छ भनेर सुरूदेखि उनीहरूले कुरा उठाउँदै आएको छ। फोरम सरकारमा भएको हुँदा उसले विरोध गर्नु वा कालो दिवस मनाउनु सुहाउँदैन। मधेशकेन्द्रित दलहरूले पूरै संविधानको विरोध गरेका छैनन्, केही धाराहरूमा असन्तुष्टिहरू छन्। मधेशविरोधी प्रावधानहरू सच्याउनका लागि संविधान दिवसमा विरोध गर्नु त्यसलाई दबाबस्वरूप मान्नुपर्छ। संविधानका त्रुटिहरू नसच्याएसम्म समग्र नेपालले हर्षोल्लासका साथ संविधान दिवस मनाउने अवस्था आउँदैन।

## हामी तटस्थ बस्छौं



**प्रदीप यादव, प्रतिनिधिसभा सदस्य, संघीय समाजवादी फोरम नेपाल**

संघीय समाजवादी फोरम नेपालले संविधान दिवसको अवसरमा खुशी पनि मनाउँदेन र कालो दिवस पनि मनाउँदैन। जबसम्म यो संविधान अधुरो र अपूर्ण, जबसम्म मधेशीको माग र मुद्दा सम्बोधन हुँदैन तबसम्म हामी संविधान दिवस मनाउँदैनौं। हामीले यो संविधानका त्रुटस्हरू सच्याउनकै लागि सरकारमा गएका हौं। हामी सरकारमा भएपनि संविधान दिवस मनाउँदैनौं। हामी न संविधान दिवस मनाउँछौं न कालो दिवस। हामी तटस्थ बस्छौं। यो अधुरो र अपूर्ण संविधान हो, त्यसैले संविधान दिवस मनाउनुको कुनै औचित्य नै छैन। हामी सरकारमा भएपनि संविधान दिवसमा सहभागी हुँदैनौं। हामी सरकारमा सहभागी हुनुको एकमात्र उद्देश्य हो संविधान संशोधन। असोज ३ गतेपछि संशोधनका लागि यो सरकारले प्रक्रिया सुरू गर्नेछ। निश्चित रूपमा संविधान संशोधन हुन्छ। संशोधन भएन भने हामी सरकारबाट बाहिरिन्छौं।

## कालै दिवस मनाउँछौं



**राजकुमार लेखी, महासचिव, राजपा नेपाल**

नेपालको वर्तमान संविधान आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू लगायतका समुदायको विरोधी संविधान हो। बन्दुकको नालबाट सयकडौं नेपालीहरूको हत्या गरेर बलजफ्ती जारी गरिएको संविधानको विरूद्धमा हामीले निरन्तर आफ्ना आवाज उठाइरहेका छौं। त्यसकारण संविधान दिवसको संघारमा हामी यसप्रति असहमति राखिरहेका छौं भनेर देशव्यापी रूपमा संविधान विरूद्ध चेतनामूलक कार्यक्रमहरू गर्नेछौं। तसर्थ हामी संविधान दिवसलाई कालो दिवसकै रूपमा मनाउँछौं। नेपाली जनताको हत्या गरी ल्याइएको संविधानको विरोधमा विभिन्न कार्यक्रमहरू गर्छौं। सरकारमा बसेकाहरू अन्धा र बहिरा हुन्छन्। सरकारले संविधान दिवस मनाउनुपर्छ भन्दैमा सबैले उसको आदेश पालन गर्नुपर्छ भन्ने छैन। हामी कसैको आदेश पालक होइनौं।

## यो त संविधान दिवस हुँदै होइन



**सी.एन थारू, अधिकारकर्मी**

असोज ३ गते संविधान जारी भएको दिनलाई सरकारी दिवस भनेर प्रचार गरिँदैछ। उत्पीडित समुदाय र राज्यबाट विभेदित समुदायका लागि यो त संविधान दिवस त हुँदै होइन। यस दिनलाई कालो दिवस भनेर मनाउँदा जायज होला। यथार्थमा भन्नुपर्दा असोज ३ कालो दिन नै हो। यसलाई प्रोपोगण्डाको रूपमा संविधान दिवस भने पनि यथार्थमा कालो दिन नै हो। खासगरी, मधेशकेन्द्रित दलहरू, जसले संविधान मान्दैनौं भनेका थिए, तिनीहरू सत्ता पक्ष छन्। राजपाले कालो दिवस मनाउने भनेको छ भने फोरम अहिलेसम्म यस विषयमा मौन छ। यी दुइटै पार्टी एकै ड्याङका मुला हुन्। सरकारले जे चीज ल्याउँछ त्यसको विरोध गरेको जस्तो गर्छ। त्यो विरोध गर्नुको एउटै उद्देश्य स्वार्थ प्राप्त गर्नु हो। उनीहरू जनतालाई भ्रम पार्न यस्ता कुराहरू गर्छन् तर आफै भ्रममा छन्। यो संविधान पुनर्लेखन नभईकन राजनीतिक रूपमा सर्वस्वीकार्य हुन सक्दैन।

## "असोज ३ कालो दिन" नै हो



**कृष्णा सिंह, प्रवक्ता, राजपा नेपाल**

हामीले असोज ३ गतेलाई सम्झदा हाम्रा साथीभाईले सहादत दिएको दिनलाई सम्झन्छौं। त्यसका लागि हामीले विरोध प्रदर्शनका कार्यक्रमहरू पनि सार्वजनिक गरेका छौं। असोज ३ हाम्रो लागि कालो दिन नै हो। यो दिनलाई हामी सशक्त रूपमा विरोधकै रूपमा दर्ज गराउने गरी हामी आफ्ना मागहरू पूरा गराउन दबाब दिन्छौं। असोज ३ कालो दिन भनेर मधेशमा स्थापित नै भइसकेकोले राजपाले यस दिन विभिन्न किसिमका विरोधका कार्यक्रमहरू गर्ने भनेर भनेको छ। हामीले यो संविधानलाई पूर्णरूपमा स्वीकार नै गरेको भनेका छैनौं। संविधान केही धाराहरूमा हाम्रो असन्तुष्टि छ। हामीले संविधान पुनर्लेखन होइन, संशोधन भनेका छौं। तसर्थ, हामी यो संविधानअनुसार निर्वाचनमा भाग लिँदा, स्थानीय, प्रदेश र प्रतिनिधिसभामा हामी उपस्थिति हुँदा यो संविधान सर्वस्वीकार्य भनेर ठान्नु हुँदैन। किनभने संविधानका धाराहरू विभेदित छन्, त्रुटीपूर्ण छन्। त्यसैले संविधान परिमार्जन नभएसम्म यसलाई स्वीकार गर्ने अवस्था छैन। खासगरेर, संविधान जारी गर्ने बेलामा राज्यद्वारा मधेशमा जुन नरसंहार गराइएको थियो, त्यसको विरोध स्वरूप नै हामीले कालो दिवस मनाउन गइरहेका छौं। यो संविधानसँग माग जोडिएको छैन, सयौं मधेशीको हत्या भएको छ, त्यसको स्मरणमा पनि हामी कालो दिवस मनाउने छौं।

## मधेशकेन्द्रित दलहरूको दोहोरो चरित्र



**ललित मल्लिक 'सानु', नेता, तराई मधेश राष्ट्रिय अभियान**

खासगरी यो संविधान मधेशीहरूको रगतले लेखिएको दस्तावेज हो। मधेशी जनताले अहिलेसम्म संविधानलाई स्वीकार गरिसकेको छैन। त्यसैले, तराई मधेश राष्ट्रिय अभियानले प्रत्येक वर्षझैं यस वर्ष पनि संविधान जारी भएको दिनलाई कालो दिवसको रूपमा स्मरण गर्नेछ। जबसम्म मधेश आन्दोलनबाट उठेका मुद्दाहरू संविधानमार्फत् सम्बोधन हुँदैन, तबसम्म हामीले संविधानलाई कालो संविधान नै मान्छौं। जहाँसम्म राजपाले संविधान दिवसको दिनमा ब्ल्याक आउट गर्ने भनेको छ, यो उसको नैतिकहीन र दोहोरो चरित्र हो। उनीहरूको व्यवहार र बोलीमा तारतम्यता मिलेको छैन। राजपाले यही संविधानलाई मानेर विभिन्न निर्वाचनहरूमा भाग लियो, संविधानकै अनुसार विभिन्न सुखसुविधा भोगिरहेको छ भने उसले कुन नैतिकताको आधारमा यो सविधानलाई विरोध गर्ने? यदि राजपाले संविधानबाट सञ्चालन हुने कुनै पनि प्रक्रियामा भाग नलिएको भए र संविधानको विरोधमा कार्यक्रमहरू गरेको अलि सुहाउँथ्यो। तर, संविधानअनुसार सरकारबाट विभिन्न सुखसुविधा भोगिरहेको छ भने कुन धरातलमा विरोध गरिरहेको छ, स्पष्ट छैन। जहाँसम्म फोरमको कुरा छ, फोरमले जसरी यो संविधान संशोधन होइन र पुनर्लेखन भनिरहेको थियो उसको उद्देश्य प्रष्ट भइसकेको छ। फोरमले अहिलेको अवस्थामा संविधान स्वीकार गरिसकेको छ र सत्तापक्ष भइसकेको छ।

## संशोधन नभएसम्म विरोध हुनु स्वाभाविक



**रन्धीर चौधरी, तराई मानव अधिकार रक्षक संजाल, संयोजक प्रदेश २**

मधेशकेन्द्रित दलहरूले संविधान दिवसको विरोध गर्ने कुरा सतही रूपमा सुहाउँदैन। किनकि उनीहरूले संघीय सरकारमा समर्थन जनाइ सकेका छन्। प्रदेश २ मा सरकार नै बनाएका छन्। तर, संविधानमा उनीहरूको जे असन्तुष्टि छन् त्यो जायज नै हो। त्यसलाई मध्यनजर गर्दै संविधानको विरोधमा विरोधका कार्यक्रमहरू गर्नु अनुचित पनि छैन। हामीले यसरी हेर्दा भारतीय प्रधानमन्त्रीको जनकपुरधाम भ्रमणका बेला मुख्यमन्त्री स्वयम्ले पनि संविधानमा अहिले पनि असन्तुष्टि छ भनेर भन्नुभएको थियो। यो संविधानको विरोधमा अन्तर्राष्ट्रिय स्तरमा पनि उनीहरूले विरोध जनाइ रहेका छन्। उनीहरूले पहिलादेखि नै विरोध जनाइ रहेकाले संविधान दिवसलाई विरोध गर्नु स्वाभाविक हो। तर, यो संविधानलाई मधेशकेन्द्रित दलहरूले स्वीकार गरिसकेको पनि आम जनताको बुझाइ छ। मधेशी जनताको टाउको र छातीमा गोली हानेर ल्याइएको संविधान हो। त्यसैले संशोधन नभएसम्म यसको विरोध हुनु स्वाभाविक पनि हो।

## शोक मनाउनुपर्छ



**कमल मण्डल, कलाकार**

असोज ३ कालो दिनकै रूपमा हामीले हेरिरहेका छौं। यसलाई हामीले पर्व वा उत्सव दिवसको रूपमा त मनाउनै सक्दैनौं। किनभने यो त्यहीं दिन हो जुन दिन हामीमाथि गोली चलाइ, बन्दुकको बलमा जबर्जस्ती संविधान ल्याइएको थियो। हामी शोकमा थियौं, तर काठमाडौंमा आतिशबाजी गरेर उत्सव मनाइएको थियो। हामीमाथि गोली चल्दै थियो तर हामील माथि सम्वेदना जनाउने कोही थिएन। त्यसैले यो वस्तुतः संविधान दिवस होइन, कालो दिवसको रूपमा अवश्य लिनु पर्छ। खासगरी, संविधान भनेको देशको मूल कानून हो र त्यो कानून मुलुकका हरेक नागरिकका लागि समान हुनुपर्छ। तर, हाम्रो देशको संविधान हेर्नुस्, कुनै एक विशेष जाति वा समुदायका लागि बनाइएको जस्तो छ। हामीले यस संविधानबाट आफ्नोपन महसुस गर्न पाएका छैनौं।

## सम्वाद समूहको बृहत अन्तरक्रिया

जनकपुरधाम। नेपाल-भारत खुल्ला सिमाना सम्वाद समूहको पहिलो बृहत अन्तरक्रिया कार्यक्रम प्रदेश नम्बर २ को राजधानी जनकपुरधाममा विभिन्न राजनीतिक दलका नेता, वुद्धिजिवी, नागरिक समाजका आगुवा लगायत मिडियाका प्रतिनिधिहरूबीच उत्साहजनक रूपमा सम्पन्न भएको छ। कार्यक्रमको प्रमुख अतिथि प्रदेश सरकारका आन्तरिक मामिला एवम कानूनमन्त्री ज्ञानेन्द्र कुमार यादव थिए भने कार्यक्रमको अध्यक्षता राजपा नेपालका महासचिव तथा नेपाल-भारत खुल्ला सिमाना सम्वाद समूहका संयोजक राजीव कुमार झाले गरेका थिए। मित्र राष्ट्र भारत र नेपालबीचको सम्बन्ध थप बलियो बनाउन पौराणिककालदेखि खुल्ला रहिरहेको नेपाल-भारत सीमा क्षेत्रमा आउने समयमा पनि खुल्ला राख्नु पर्ने विचार संस्थाका सल्लाहकार एवम नेपाल सरकार का भूतपूर्व प्रशासक जिवच मिश्रले राखेका थिए। कार्यक्रममा आफ्नो विचार राख्दै नेकपाका नेता र पूर्व सांसद शितल झाले नाका व्यवस्थित बनाउनु पर्ने र त्यसको विकल्प नरहेको बताए। नाकाबाट भइरहेको विभिन्न गैरकानुनी गतिविधि न्यूनीकरण गर्न सरकार सचेत नरहेको हुँदा आउने समयमा सरकार थप समवेदनशील रहनु पर्ने भनाइ जनकपुर जेसिजका अध्यक्ष जितेन्द्र महासेठले राखेका थिए।

## प्रधानसेनापति र भारतीय राजदूतबीच भेटवार्ता



काठमाडौं। प्रधानसेनापति पूर्णचन्द्र थापा र काठमाडौंस्थित भारतीय राजदूतावासका राजदूत मंजीव सिंह पुरीबीच जंगी अड्डामा शिष्टाचार भेटवार्ता भएको छ। उक्त भेटघाटका क्रममा प्रधानसेनापति थापा तथा भारतीय राजदूतबीच द्विपक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयहरूमा छलफल भएको थियो।

## मधेश अपडेट

### संविधानले संघवादको सिद्धान्त अंगिकार गरेको छैन : सांसद श्रेष्ठ

जनकपुरधाम। सङ्घीय समाजवादी फोरम, नेपालको मधेश प्रदेशको आयोजनामा यहि भाद्र २२ र २३ गते पार्टीका धनुषा जिल्ला अध्यक्ष चण्डेश्वर महतोको अध्यक्षतामा प्रदेशको राजधानी जनकपुरधाममा भव्य रूपमा सम्पन्न भएको छ। प्रमुख अतिथि पार्टीका कार्यवाहक अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य राजेन्द्र प्रसाद श्रेष्ठले उद्घाटन गरेको उक्त दुईदिने प्रशिक्षण कार्यक्रम अत्यन्तै सामयिक तथा उपलब्धीमूलक भएको कुरा सहभागिहरूले बताएका छन्। उक्त कार्यक्रममा कार्यवाहक अध्यक्ष श्रेष्ठले तात्कालिक राजनीतिक शक्ति सन्तुलनको अवस्थालाई विश्लेषण गरेर पार्टीले वर्तमान संविधान जारी हुँदाको बखत सडकमा उठाएको विषयलाई निर्वाचनलाई संघर्षको रूपमा उपयोग गरेर संसद्मा पुर्याएको मात्र नभई अहिले त्यसलाई सरकारको एजेण्डा बनाउन पनि सफल भएको बताए। उनले वर्तमान संविधानले नेपाललाई समाजवादउन्मुख घोषणा गरे पनि अमेरिका, स्विटजरल्यान्ड लगायतका बहुराष्ट्रिय राज्यहरूमा पुँजीवादी क्रान्तिको उपजको रूपमा त्यहाँको जनताले उपभोग गरेका सबै क्षेत्रमा सबै नागरिकहरूको समानता, सङ्घीय शासन, उत्पीडित राष्ट्रियताहरूको पहिचान, धर्म निरपेक्षता, समानुपातिक समावेशी, भाषिक समानता, सामाजिक विभेदबाट मुक्ति जस्ता विषयहरू नेपाली जनताले हाँसील गर्न नसकेबाट नेपालमा अझै राजनीतिक क्रान्ति जारी रहेको बताए।

### पित्त पत्रकारिताले चित दुखायो : उपप्रमुख

राकेश यादव, रौतहट। गौर नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक किरण ठाकुरले पित्त पत्रकारिताले चित दुखाउने काम भएको टिप्पणी गरेकी छिन्। सत्यतथ्य एवं विश्वसनीय समाचार लेख्नुको साटो पूर्वाग्राही सोच राखेर आधारहीन समाचार प्रकाशन प्रसारणले समाजमा पत्रकारिता प्रतिको जनताको विश्वास हराउँदै गएको उनले दावी गरिन्। न्यायिक समितिले गरेको कार्यको प्रगति विवरण सार्वजानिक गर्नका लागि नगरपालिका कार्यालयमा शुक्रबार आयोजना गरिएको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै उपमेयर ठाकुरले समाज विकासको कार्यमा सक्रीय भूमिका निर्वाह गर्नुको साटो केहि पत्रकारको क्रियाकलापले रौतहटको सिंगो पत्रकारहरूको कार्यप्रति अविश्वसनीयता बढदै गएको उल्लेख गरिन्। उनले भनिन्, 'पीडित महिला, पुरूष, बालबालिकाको रक्षाको सेवा सुसारको निमित स्थापना गर्न लागिएको मानव सेवा केन्द्रको सम्बन्धमा भ्रमण समाचार प्रकाशन गर्ने कार्य दुःखद रहेको छ।' सबैको सहयोगमा हुन गइरहेको कार्यमा सहयोग गर्नुको साटो अवरोध पुर्याउने कार्य अशोभनीय भएको जिकिर गरिन्।

### तरूण दलद्वारा प्रदर्शन

वीरगन्ज। नेपाल तरूण दल रोलपाका नगर अध्यक्ष रोहित पुनको हत्यारालाई कार्यवाहीको मांग गर्दै वीरगन्जमा प्रदर्शन भएको छ। महामानव विपि कोइरालाको १०५औं जन्मज्यन्तीका दिन भदौं २४ गते गोली हानि हत्या गरिएका पुनका हत्यारालाई अविलम्ब पक्राउ गरी कार्यवाहीको माग गर्दै तरूण दल पर्साका नेता कार्यकर्ताहरूले वीरगन्जमा प्रदर्शन गरेका हुन्। तरूणदल पर्साका सचिव विवेक कुमार चौरसियाको अगुवाइमा वीरगन्जको घटना घरबाट निस्किएको विरोध जुलुश जिल्ला प्रशासन कार्याय पर्सामा पुगी ज्ञापन-पत्र बुझाउदै पुनका हत्यारालाई कार्यवाहीको माग गर्दै नेपाल सकारलाई ज्ञापन बुझाएको छ।

### गठबन्धनका कार्यकर्ताहरू रिहा

बाँके। उपप्रधान तथा स्वास्थ्यमन्त्री एवं संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको बर्दियामा एक कार्यक्रममा सहभागी हुँदा पक्राउ परेका स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ताहरू रिहा भएका छन्। सोमबार जिल्ला अदालत बर्दियाले पक्राउ परेका स्वतन्त्र मधेश गठबन्धनका नेताहरूलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो। गत भाद्र ७ गते उपेन्द्र यादवको कार्यक्रमबाट गठबन्धनका राम मनोहर यादव, इरफान शेष, राजितराम वर्मा र हरपाल सिंहलाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ परेकामध्ये हिरासतभित्रै राम मनोहर यादवको मृत्यु भइसकेको छ। प्रहरी हिरासतमा रहेकै बेला भाद्र १५ गते राम मनोहर यादवको उपचारको क्रममा मृत्यु भएको थियो। पक्राउ परेकाहरूमाथि प्रहरीले राज्यविरूद्धको अपराध मुद्दा लगाएको थियो। यो मुद्दामा गठबन्धनका ती नेताहरूलाई अदालतले पहिला पनि सफाइ दिइसकेको छ। अदालतले एउटै मुद्दामा पटकपटक पक्राउ नगर्न सुरक्षा निकायलाई निर्देशनसमेत दिएको छ।

### विपद् व्यवस्थापन समितिलाई सामग्री प्रदान

चन्द्रकान्त खनाल, रूपन्देही। विपद् व्यवस्थापनमा सहयोग पुग्ने उद्देश्यका साथ जिल्ला विपद् व्यवस्थापन समिति रूपन्देहीलाई नमूना एकीकृत विकास परिषद्ले रबरबोटसहित अन्य विपद् व्यवस्थापन सामग्री प्रदान गरेको छ। रूपन्देही जिल्ला विपद्को उच्च जोखिममा नरहे पनि यहाँ बाढी तथा डुबान समस्याको रूपमा रहेको बताउँदै प्रमुख जिल्ला अधिकारी उदय बहादुर राना मगरले रबरबोटको आवश्कता औल्याएका थिए। विपद्लाई मध्यनजर गरी तयारी अवस्थामा रहन मोटरबोट आवश्यक रहेको बताउँदै प्रजिअ मगरले सहयोगी निकाय गुहारेका थिए। सोही आधारमा वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको साझेदार संस्था नमूना एकिकृत विकास परिषदलाई र परिषदले जिल्ला बिपद ब्यावस्थापन समितिलाई बोट सहितको उद्दार सामाग्री उपलब्ध गराएको हो।

### महासचिव शिव पटेललाई पितृशोक

वीरगन्ज। राजपा नेपालका महासचिव शिव पटेललाई पितृशोक राष्ट्रिय जनता पार्टी नेपालका महासचिव शिव पटेललाई पितृशोक परेको छ। पटेलका पिता रामबहादुर राउत कुर्मीको गएराति ८० वर्षको उमेरमा निधन भएको हो। काठमाडौंको मिदान अस्पतालमा उपचारका क्रममा उहाँको निधन भएको हो। उनी लामो समयदेखि मधुमेय र उच्च रक्तचापबाट पीडित थिए।

### सुरक्षित वैदेशिक रोजगारबारे अभिमुखीकरण

चन्दनकुमार यादव, राजविराज। बरमझियाका युवाहरूलाई विदेश जाँदा तथा समस्यामा परेकाहरूलाई अपनाउनु पर्ने सावधानी वारेमा जानकारी गराइएको छ। मंगलबार कंचनरूप नगरपालीका वडा नम्वर ३ स्थित बरमझियामा सबल नेपाल राजविराजको आयोजनामा सम्भाबित आप्रवासी कामदार, रिटर्नि तथा तिनका परिवारका सदस्यहरू बिच सुरक्षित बैदेशिक रोजगार वारे अन्तक्रिया गरेको छ। वैदेशिक रोजगार लाई सुरिक्षत, मर्यादित र लाभदाय बनाउने उदेश्यले युवाहरूको माध्यमवाट समुदायका मानिसहरू सबै कुरा बुझेर सीप सिकेर रकम बुझाउँदा अनिवार्य भरपाई लिएर जान जानकारी गराउन आग्रह गरिएको सबल नेपालका कार्यक्रम संयोजक असोक साहित्यकार बताए। बिदेश जाँदा धेरै युवाहरू केही नबुझी, सीप नसिकी जाँदा धेरै समस्या पर्ने गरेकोले सबै कुराको जानकारी लिएर जान तालिममा जानकारी गराएको हो। सो अवसरमा सामीरहेल्भेटास नेपाल सप्तरी जिल्ला परियोजना संयोजक देव नारायण चौधरीले बिदेश जादाँ सम्बन्धीत कामको सीप नसकि बिदेश जादाँ भने अनुसारको काम नपाउदाँ धेरै युवाहरू बिदेशमा बिचली हुने गरेकोले सबै कुरा बुझेर, सीप सिकेर गए समस्यामा नपर्ने बताए।

### ६ प्रहरी कारवाहीमा

बर्दिया। सङ्गठनको व्यावसायिक मर्यादा विपरीत आचरण गर्ने ६ जनालाई प्रहरीलाई कारवाही गरिएको छ। जिल्ला प्रहरी कार्यालय बर्दियाले आन्तरिक शुद्धीकरण अभियानअर्न्तगत प्रहरी सङ्गठनको व्यावसायिक मर्यादा विपरीत आचरण गर्ने ६ जनालाई कारवाही गरिएको जनाएको छ। कारवाही पर्नेमा प्रहरी निरीक्षक एक, प्रहरी सहायक निरीक्षक तीन, प्रहरी हबल्दार एक र प्रहरी जवान एक जना रहेको बर्दियाका प्रहरी उपरीक्षक सुरेन्द्रप्रसाद मैनालीले जानकारी दिए। जिल्लाको शान्तिसुरक्षासहित आन्तरिक शुद्धीकरण आफ्नो पहिलो प्राथमिकतामा रहेको उल्लेख गर्दै उनले लागुऔषध नियन्त्रण तथा मानव बेचबिखन, महिला हिंसा, लैङ्गिक हिंसा, आत्महत्या, बहुविवाह, घरेलु हिंसाजस्ता घटनाको न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिरहेको बताए।

# अन्तर्सरकार वित्त व्यवस्थापन



लक्ष्मीविलास कोइराला

नेपालको संविधानले एकात्मक शासन प्रणालीलाई विस्थापित गरी देशमा संघीय शासन प्रणाली लागू गरेको छ। संघीय शासन प्रणालीमा तीन तहका सरकार रहेका छन्, संघ, प्रदेश र स्थानीय तह। संघ, प्रदेश र स्थानीय तहले संविधान र कानूनअनुसार नेपालको राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था संविधानले नै गरेको छ। संविधानले राज्यशक्तिको बाँडफाँड गरी, संघ, प्रदेश र स्थानीय तहको अधिकार एवं जिम्मेवारी तथा भौगोलिक सीमा निर्धारण गरेको छ। नेपालमा संघ, सात प्रदेश र सातसय त्रिपन्न स्थानीय तहहरू रहेका छन्। भौगोलिक बनावट, जनसंख्या र आर्थिक विकासका दृष्टिले प्रदेश र स्थानीय तहहरू पूर्णत असमान छन्। तर, राजनीतिक अधिकार, स्टयाटस् र राजनीतिक सहभागिताको दृष्टिले भने समान छन्। राजनीतिक हक अधिकारले सम्पन्न प्रदेश र स्थानीय तहहरू प्राकृतिक र वित्तीय स्रोतको दृष्टिले फरक फरक क्षमताका छन्। प्रदेश तथा स्थानीय तहहरूको आर्थिक सर्वेक्षण भएको छैन् भने प्राकृतिक स्रोतको डाटावेश पनि छैन। तापनि उपलब्ध भएका तथ्यांकहरूलाई खेलाएर अनुमानीकरण गर्दै प्रदेश र स्थानीय तहको बजेट र कार्यक्रमहरू बनेका, वित्तीय हस्तान्तरण र समानीकरण अनुदानको वितरणको प्रयास संघ, प्रदेश र स्थानीय तहले गरेका छन्। सरकारका तहहरूमा यसप्रकारको बाँडफाँडको म्बन्धमा सकारात्मक एवं बौद्धिक प्रतिक्रियाहरू आईरहेका छन्।

कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारी संविधानमा नै किटेका र जनताको माँग र आवश्यक्ताले सिर्जना गरेका तथा केन्द्रीयरूपमा अनुभूत गरिएका कार्यक्रम र प्राथमिकताहरू प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने देखिन्छ। वित्तीय क्षमता एवं प्राकृतिक स्रोत उपयोगको प्रतिफल प्राप्तिका दृष्टिले सरकारका तीन तहहरू फरक फरक क्षमताका भएकाले प्राप्त हुने आय र खर्च हुने रकमबीच गहिरो खाडल छ। त्यस्तै प्रदेश प्रदेश र स्थानीय तह स्थानीय तहहरूबीचको वित्तीय क्षमता पनि असमान छ। संघ, प्रदेश र स्थानीय तह गरी सरकारका तहहरूबीच पाईने वित्तीय असमानतालाई ठाडो (भर्टिकल) र प्रदेश प्रदेश र स्थानीय तह स्थानीय तहबीचको वित्तीय असमानतालाई समतल (होरिजेन्टल) असन्तुलन भन्ने गरिन्छ। आर्थिक विकासको अवस्था, प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त प्रतिफल र करबाट प्राप्त आमदानी तथा जनसेवा प्रवाह गर्नुपर्ने दायित्व पुरा गर्नको लागि गरिने खर्च आकारमा सरकारका तहहरूबीच जुन भिन्नता हुन्छ त्यो भर्टिकल असमानता हो। त्यस्तै आर्थिक विकासको अवस्था, आयस्रोतको स्थिति तथा खर्च गर्नुपर्ने प्राथमिकताका सम्बन्धमा प्रदेश प्रदेश र स्थानीय तहबीच जुन भिन्नता पाइन्छ त्यो भिन्नतालाई होरिजेन्टल असमानता भनिन्छ। चाहे संघीय शासन प्रणाली होस् वा एकात्मक शासन प्रणालीको विकेन्द्रीकरण होस् सरकारका तहहरूबीच भर्टिकल र होरिजेन्टल वित्तीय असमानता पाइन्छ।

वित्तीय संघीयता वा वित्तीय विकेन्द्रीकरण भनेको देशको आर्थिक विकास तल्लो तहदेखि गर्न तल्ला निकायहरूलाई वित्तीय रूपमा सक्षम बनाउने एक प्रक्रिया हो। साथै, वित्तीय संघीयताले राजस्वको बाँडफाँड र खर्च गर्ने अधिकार तथा सरकारका ठाँडो तह र समतल सरकारकाबीच पाईने असमानताको अध्ययन पनि गर्दछ। वित्तीय संघीयता संघीय शासन प्रणाली कार्यान्वयनको प्रमुख तत्व हो। संघीय शासन प्रणालीमा सामान्यतया केन्द्र अर्थात संघ शक्तिशाली हुन्छ। संघसँग आर्थिक स्रोत संकलनको दायरा फराकिलो हुन्छ। संविधानले नकिटेका सबै अधिकारहरू संघमा निहित हुन्छन्। स्थानीय तहको भन्दा प्रदेश सरकारको आय स्रोत राम्रो हुन्छ। संघबाट प्रदेश र स्थानीय तहहरूलाई, प्रदेशबाट स्थानीय तहलाई विभिन्न विधिमा आधारित भई आर्थिक सहयोग गर्ने प्रक्रियालाई अन्तरसरकार वित्तीय हस्तान्तरण (ईन्टरगर्भनमेन्टल फिस्कल ट्रान्सफर) भनिन्छ। अन्तरसरकार राजस्वको बाँडफाँड व्यवस्थित, वैज्ञानिक र न्यायपूर्ण बनाउनु अन्तरसरकार वित्त हस्तान्तरण व्यवस्थापन हो।

अन्तरसरकार वित्तीय हस्तान्तरणको मुख्य उद्देश्य देश र जनताको समान विकास, सामाजिक समानता र समग्र आर्थिक स्थायित्व कायम गर्नु हो। अर्थात, अन्तरसरकार वित्तीय हस्तान्तरणको मूल उद्देश्य सरकारका तहहरूमा पाईने भर्टिकल र होरिजेन्टल वित्तीय असन्तुलन समानीकरण अनुदानमार्फत कम गर्नु हो। साथै, वित्तीय हस्तान्तरणको उद्देश्य संघीय र स्थानीय प्राथमिकता पूरा गर्दै जनतालाई स्टयाण्र्डड सेवा प्रवाह गर्नु पनि हो।

अन्तरसरकार ट्रान्सफर अर्थात समानीकरण अनुदानलाई मुख्यरूपमा दुई वर्गमा बाँडने गरिन्छ। पहिलो निशर्त (अनकन्डिसनल) वित्तीय हस्तान्तरण हो भने दोस्रो सशर्त (कन्डिसनल) वित्तीय हस्तान्तरण अनुदान हो। निःशर्त दिइने हस्तान्तरण खासगरी सरकारको जिम्मेवारी (म्यान्डेटेड वाइ ल) पूरा गर्ने विषयसँग आबद्ध हुन्छ। निःशर्त हस्तान्तरण वल्कको रूपमा प्राप्त हुन्छ र प्राप्त गर्ने सरकार सो ट्रान्सफर रकम बाँडफाँड गर्न स्वतन्त्र हुन्छ। निःशर्त दिइने वित्तीय हस्तान्तरणाले त्यस्तो अनुदान प्राप्त गर्ने सरकारको आय क्षमतालाई बढाउँछ र जनतालाई करको भारबाट पनि जोगाउँछ। तर, सशर्त अनुदान हस्तान्तरण दाता सरकारको प्राथमिकता अर्थात संघ वा प्रदेश सरकारका राष्ट्रिय प्रार्थमिकताहरूमा खर्च गर्न दिइएको हुन्छ। त्यस्ता प्रार्थमिकताहरू देशव्यापी, प्रदेशव्यापी वा विषयक्षेत्रमूखी हुने गर्दछन्। सशर्त अनुदान खर्च गर्न स्थानीय सरकारहरू स्वतन्त्र हुदैनन्। यस्तो वित्तीय ट्रान्सफर स्थानीय तथा प्रदेश सरकारहरूले कम रूचाउँछन् भने केन्द्र सरकार सशर्त अनुदानलाई बढी महत्व दिने गर्दछ।

वित्तीय हस्तान्तरणको प्रभावकारिता त्यस्तो ट्रान्सफरको डिजाइनमा भर पर्दछ। प्रदेश र स्थानीय तहहरूको प्राकृतिक र वित्तीय क्षमता फरक फरक हुने तर जनतालाई समान सेवा दिन र समान व्यवहार गर्न आवश्यक पर्ने भएकाले वित्तीय हस्तान्तरणको व्यवस्था गरिएको हुन्छ। वित्तीय स्रोतको बाँडफाँड गर्न जनसंख्या, भूगोल र विकास अवस्थालाई मुख्य आधार वनाउने अन्तर्राष्ट्रिय चलन छ। निःशर्त वा सशर्त दिइने अनुदानको डिजाइन गर्दा उद्देश्य स्पष्ट हुन जरूरी हुन्छ। अनुदान प्राप्त गर्ने सरकार खर्च गर्न स्वतन्त्र हुन आवश्यक पर्दछ भने त्यस्तो अनुदानले स्थानीय सरकारको आवश्यक्ता पूरा गर्नु पनि पर्दछ। अनुदान दिदा राजस्वमा आधारित नगर्दा राम्रो हुने हुन्छ। साथै, खर्च गर्ने सरकार खर्चको सम्बन्धमा बढी जिम्मेवार, निष्पक्ष, पारदर्शी, उत्तरदायी, सक्षम र नतिजामूखी पनि हुनुपर्दछ।

लोककल्याणकारी राज्यको अवधारणा सँगै सरकार जनसेवाप्रति बढी संवेदनशिल भएको पाइन्छ। केन्द्रीय बजेटको माध्यमबाट एकै प्रकारको नीति र कार्यक्रममा खर्च गर्नु भन्दा संघीय शासन प्रणालीमा सबै प्रदेशका जनताको समान विकास हुने गरी खर्च गर्नु कठिन कार्य हो। खर्च गर्ने क्षमता भनेको राजस्व प्राप्ति क्षमता हो जुन प्रदेश र स्थानीय तहबीच फरक फरक हुन्छ। यसकारण अन्तरसरकार राजस्वको बाँडफाँड व्यवस्थित, वैज्ञानिक र न्यायपूर्ण हुन आवश्यक हुन्छ।

अन्तरसरकार वित्तीय हस्तान्तरण गर्ने कार्य अत्यन्तै चुनौतिपूर्ण हुन्छ। नेपालको संविधानले सरकारका तहहरूबीच राजस्वको समान वितरणको विस्तृत आधार, ढाँचा र सूत्र निर्माण गर्ने, समानीकरण अनुदान सिफारिस गर्ने, संघ, प्रदेश र स्थानीय तहहरूले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतको परिचालन गर्दा सरकारका तीनै तहको लगानी र प्रतिफलको हिस्सा निर्धारणको लागि आधार तय गरि सिफरिस गर्ने, तथा प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश प्रदेश तथा प्रदेश र स्थानीय तह तथा स्थानीयतहहरूबीच उत्पन्न हुन सक्ने सम्भावित विवाद निवारण गर्न सुझाव दिने काम कर्तव्य र अधिकार भएको एक छुट्टै संवैधानिक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग वनाउने व्यवस्था गरेको छ। अन्तरसरकार वित्तीय हस्तान्तरणको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सरकारका तहहरूबीच राजस्वको बाँडफाँड अर्थात वित्तीय हस्तान्तरण गर्ने कार्य, साधनस्रोतका सम्बन्धमा हुन सक्ने विवाद समाधान, प्राकृतिक स्रोतको डाटावेस निर्माण, प्रत्येक सरकारको आर्थिक तथा वित्तीय सर्भेक्षण, स्रोत उपयोग सम्बन्धी सचेतना ल्याउने तथा अन्तरसरकार वित्तीय सहयोग आदानप्रदान गर्ने विषयमा महत्वपूर्ण योगदान दिनुपर्ने हुन्छ। अन्तरसरकार प्राकृतिक एवं वित्तीय स्रोतको व्यवस्थापनमा आयोगले खेल्ने भूमिकाले स्रोतको उचित उपयोग, देशको समान विकास र जनताको समान जीवनस्तर कायम हनेछ।



## बन्दरगाहमा कार्गो ट्रेकिङ सिस्टम लागू

काठमाडौं। भारतीय बन्दरगाह भएर तेस्रो मुलुकबाट आउने नेपाली मालबाहक कन्टेनरमा इलेक्ट्रोनिक कार्गो ट्रेकिङ सिस्टम (इसिटिएस) लागू भएको छ। यो प्रणाली लागु भएपछि नेपाली आयातकर्ताले विशाखापटनम् बन्दरगाहमा भन्सार 'क्लियरेन्स'को औपचारिकता लगायत विषयबाट छुटकारा पाएका छन्। नेपालका लागि तेस्रो मुलुकबाट सामान ल्याउँदा भारतीय बन्दरगाहमा अब भन्सार प्रक्रिया पूरा नगरी सिधै आयात हुने भएको हो। यो प्रणाली लागू भएपछि अब आयातकर्ताले बन्दरगाहमा कुनै पनि कागजात पेस गर्नु पर्दैन। भारतको कोलकाता बन्दरगाहको विकल्प खोज्दै २ वर्ष अघि विशाखापटनम् बन्दरगाहबाट नेपाली कार्गोको आयात सुरू भएको थियो। अब इसिटिएस लागू भएपछि सो भारतीय बन्दरगाहमा हुने भन्सारसम्बन्धी प्रक्रिया हटेको वाणिज्य मन्त्रालयले जनाएको छ।

## प्रधानमन्त्रीलाई ज्ञापन

काठमाडौं। प्रहरी हिरासतमा मृत्यु भएका स्वतन्त्र मधेश गठबन्धनका नेता राम मनोहर यादवको मृत्युबारे छानबिन गर्न उच्चस्तरीय एवं अधिकार सम्पन्न न्यायिक समिति गठनको माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाइएको छ। राम मनोहरका भाईद्वय विष्णु यादव र राम कुमार यादव र साथी रियाज अन्सारीले आइतबार प्रमुख जिल्ला अधिकारी बाँकेमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्रमा छानबिनपश्चात् दोषी ठहरिएका उपर हदैसम्मको कारबाही, स्व.राम मनोहर यादवको परिवारलाई उचित क्षतिपूर्ति तथा मृतकलाई शहीद घोषणा गर्न माग गरिएको छ।

## संक्षिप्त समाचार

### बाल विवाह रोक्न सामूहिक प्रतिवद्धता

रौतहट। जूरी नेपालको आयोजनामा रौतहटको गौरमा सम्पन्न भएको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ को प्रभावकारी कार्यान्वयनका लागि नागरिक संस्थाहरूको भूमिका विषयक जिल्ला स्तरीय परामर्श कार्यक्रममा सहभागीहरूले बालविवाह रोक्ने सकारात्मक भूमिका निर्वाह गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन्। सेन्टर फ़र रेप्रोडक्टिभ राईटको सहकार्य र युएनएफपिएको सहयोगमा भएको परामर्श कार्यक्रममा आयोजक संस्थाका महासचिव पंकज कुमार कर्ण बाल विवाह विरूद्ध क़ानूनी संरक्षणको विषयमा प्रस्तुति राख्दै सामाजिक, धार्मिक, सभ्यता, मूल्य मान्यताको आडमा कानूनले अपराध ठहर गरिसकेको कार्य नगर्न आग्रह गरेका छन्।

### ज्येष्ठ नागरिकलाई सहयोग

मोरङ। कुशेऔँसी र बुबाको मुख हेर्ने दिनको अवसर पारेर उर्लाबारी-७ स्थित पशुपति आवासीय माध्यमिक विद्यालयका विद्यार्थीले असहाय ज्येष्ठ नागरिकलाई सहयोग गरेका छन्। विद्यार्थीले झापाको दमकस्थित रत्नवृद्धाश्रममा आश्रित छ जना ज्येष्ठ नागरिकलाई फलफूल र लत्ताकपडा वितरण गरेका हुन्। विद्यार्थीले खाजा समयमा खाजा खान ल्याएको रकम सङ्कलन गरी बुबाको मुख हेर्ने दिनको अवसरमा ज्येष्ठ नागरिकलाई फलफूल र लत्ताकपडा वितरण गरेको विद्यालयका प्रबन्धक निर्देशक आनन्द कार्कीले जानकारी दिए।

### कांग्रेसको लोकप्रियतामा प्रश्न चिह्न

जनकपुरधाम। जननायक बिपी कोइरालाको विचार, सिद्धान्त र व्यवहार विपरित नेपाली काङ्ग्रेस उद्यत हुनाले लोकप्रियतामा प्रश्न चिह्न लागेको धारणा व्यक्त गरिएको छ। काङ्ग्रेस धनुषाद्वारा यहाँ आयोजित विचार गोष्ठीका वक्ताहरूले बिपीका विचार, सिद्धान्तलाई औपचारिकताको परिधिमा सीमित गर्नुले काङ्ग्रेसको सङ्गठन कमजोर भएको बताए। मुलुकको राष्ट्रियता जोगाएर जनाधिकार सुरक्षित गर्दै विकासका लागि कुन विधि र शासनपद्धति अवलम्बन गर्नुपर्छ भन्ने सन्दर्भमा सिद्धान्त नै प्रतिपादन गरेका कारण जननायक कोइरालाप्रति मुलुकका सबै दलको हृदयतः आदरभाव रहेको उनीहरूले प्रसङ्ग उल्लेख गरे। प्रदेश नं २ प्रदेशसभा काङ्ग्रेस संसदीय दलका नेता रामसरोज यादवले बिपी कोइरालाले मुलुकका आर्थिक, राजनीतिक, कूटनीतिक लगायतका क्षेत्रमा जुन महत्वपूर्ण जग बसाल्नु भयो, त्यसैमा आज मुलुक अडिएको छ भने।

### "पार्टी सभापतिलाई पूर्ण अधिकार दिनुपर्छ"

बुटवल। नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य तथा संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँणले पार्टीलाई बलियो बनाउन सभापतिलाई पूर्ण अधिकार दिनुपर्ने बताएका छन्। बिपी जयन्तीका अवसरमा बिपी चोकमा आयोजना गरेको कार्यक्रममा उहाँले सामूहिक नेतृत्वमा जाँदा पार्टी सभापतिको अधिकार कम हुँदा पार्टी नै चलाउन समस्या भएकाले सभापतीय वा एकल सङ्क्रमणीय निर्वाचन प्रणालीमा गएर पार्टीलाई बलियो बनाउनुपर्ने बताए। काङ्ग्रेस नेता खाँणले पार्टीको केन्द्रीय समिति बैठकमा विधानमा नै यस्तो व्यवस्था गर्न विधान समितिमा लिखित धारणा राख्ने र केन्द्रीय समिति बैठकमा कुरा उठाउने बताए। उनले सभापति हुने व्यक्तिले पाँच वर्षसम्म निर्धक्कसँग पार्टी चलाउनसक्ने वातावरण बनाउनुपर्ने र अनुसाशन उल्लङ्घन गर्नेलाई कारवाही गर्नुपर्ने बताए।

### सामुदायिक विद्यालय बन्दको घोषणा

दिनेश ठाकुर, नेपालगञ्ज। नेपाल राहत शिक्षक केन्द्रीय समितिका अध्यक्ष हरि महतराले शिक्षा विकास तथा समन्वय इकाई बाँकेका प्रमुख गोरखबहादुर थापालाई तीनदिने आम शैक्षिक हडताल आन्दोलनबारे जानकारी गराएका छन्। राहत कोटामा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई एकमुस्ट स्थायी गर्नका लागि संघीय ऐनमा नीतिगत व्यवस्था गरियोस्, स्थायी प्रक्रियाको थालनी गर्नु पूर्व राहत शिक्षक सम्बन्धी प्रचलित शिक्षा ऐन तथा नियमावलीले गरेका व्यवस्थाहरूको स्वामित्व निर्माणधीन ऐनले लिनुपर्ने, स्थायी प्रक्रिया शुरू गर्नु पूर्व शिक्षक सेवा आयोगबाट लिइने विभिन्न चरणका परिक्षामा राहत दरबन्दीमा कार्यरत शिक्षकहरूको उमेरको हदबन्दी हटाईयोस् तथा राज्यबाट शिक्षक शिक्षिका बिच गरिँदै आएको सबैखाले विवेदको अन्त्य गर्ने नितिगत व्यवस्थाको सुनिश्चित परियोस् भनी प्रमुख थापालाई उपलब्ध गराईएको जानकारीमा उल्लेख गरिएको अध्यक्ष महतराले बताए।

### टीकापुर घटनाका साक्षीसँग बकपत्र लिइँदै

धनगढी। झण्डै तीन वर्षअघि भएको टीकापुर घटनासँग सम्बन्धित मुद्दाका साक्षीहरूको कैलाली जिल्ला अदालतमा बकपत्र लिने काम आजबाट शुरू भएको छ। आइतबार तीन जना साक्षीको बकपत्र लिइएको जिल्ला अदालतका श्रेस्तेदार इन्द्रबहादुर कठायतले बताए। यो मुद्दामा ८२ जनासँग बकपत्र लिनुपर्ने र बिदाको दिनबाहेक मुद्दाको विषयमा निरन्तर काम अघि बढ्न लागेको कठायतले बताए। यसअघि पहिलो पटक गएको साउन ३० गते तोकिएको पेशीमा वादी प्रतिवादी पक्षका व्यक्तिसँग साक्षी बुझ्ने आदेश अदालतले दिएको थियो।

### एक लाखको अक्षय कोष

मणि प्रसाद गैह्रे, कपिलवस्तु। वाणगांगा नगरपालिकाको उच्च मा वि झण्डाका नेपाल विद्यार्थी संघ ईकाई समितिका सभापति २४ वर्षे स्वर्गीय शरद खनालको स्मृतिमा १ लाखको अक्षयकोष खडा गरिएको छ। विद्यालयमा आयोजित एक समारोहका बिच सो रकम बिद्यालयलाई हस्तान्तरण गरिएको थियो। नेवि संघ बुङ्ची क्याम्पस र क्षेत्रीय समितिद्वारा आयोजित कार्यक्रममा सांसद अतहर कमालले सो रकम बिद्यालयलाई हस्तान्तरण गरेका थिए। गत असार २२ गते खनालको मृत्यु भएको थियो। अक्षय कोषबाट आउने ब्याजले बिद्यालयमा अध्ययनरत गरबी र जहेन्दार बिद्यार्थीलाई छात्राबृत्रि दिने खनालका बुवा बेद प्रकाश खनालले बताए।

### भारतीय रूपैयाँसहित पक्राउ

बाँके। स्रोत नखुलेका लाखौं भारतीय रूपैयाँसहित प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। नेपालगंज उपमहानगरपालिका-२१ स्थित सीमा प्रहरी चौकी जयसपुरबाट खटिएको प्रहरी टोलीले नेपालबाट भारततर्फ जाँदै गरेका तीन जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा दैलेख ठाँटीकाध गाउँपालिका-३ बस्ने २४ वर्षीय प्रेम सिजापती, २१ वर्षीय देबेन्द्र सिजापती र राजबहादुर खत्री रहेका छन्। उनीहरूलाई स्रोत नखुलेको भारतीय रूपैयाँ २ हजार दरका १ सय ४४ थान, ५ सय दरका २० थान र २ सय दरका १ सय थान गरी ३ लाख १८ हजार रूपैयाँ सहित बिहीबार पक्राउ गरेको छ। उनीहरूलाई आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान बिभाग पुल्चोक ललितपुर पठाइएको प्रहरीले जनाएको छ।

## हार्दिक श्रद्धाञ्जली



जन्म मिति वि.सं. २००४

स्वर्गारोहण वि.सं. २०७५

**स्व. महेश्वरी देवी**

नेपाल पत्रकार महासंघ रौतहट शाखाका पूर्वअध्यक्ष प्रेमचन्द्र झाकी ममतामयी आमा **महेश्वरी देवी**को ७१ वर्षको उमेरमा भएको असामयिक निधनप्रति स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।

**डा. राजेश अहिराज**

**अध्यक्ष, मधेश मिडिया हाउस**

# गुणस्तरमा "कम्प्रोमाइज" छैन



**ब्रजेश कुमार झा**

**विभागीय प्रबन्धक**

**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड**

**o साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले आफ्नो ५६ औं वार्षिक उत्सव मनाएको छ । यसको स्थापना कालदेखि अहिलेसम्मको यात्रालाई कसरी सम्झनु हुन्छ ?**

– नेपालमा नुनको आफ्नै स्रोत नभएको र भौगोलिक विकटताका कारण पनि नेपालमा नुनको कारोबार गर्न गाह्रै थियो । भारत र तिब्बतबाट नुन आयात गरिन्थ्यो र त्यो नुनलाई यहाँ ल्याइसकेपछि पनि विभिन्न ठाउँमा पुऱ्याउनु पर्ने र त्यसका लागि नेपालको स्टक नहुँदा जहिले पनि समस्या उत्पन्न हुन्थ्यो । यो अवस्थालाई व्यवस्थित गर्न तत्कालीन श्री ५ को सरकारले नुनको कारोबारमा संलग्न सबै व्यक्तिहरूलाई समेटेर भारत वा तिब्बतबाट आयात गर्ने, यहाँ ल्याएर ढुवानी समेत गर्न सरकार स्वयं पनि आफ्नो सेयर हालेर पब्लिक प्राइभेट पार्टनसीपको प्रथम संस्थाको रूपमा साल्ट टेनिङ्ग कर्पोरेसन लिमिटेडको जन्म भएको हो । विं.स. २०२० साल भदौ २७ गते साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको स्थापना पछि नुनको कारोबार गर्न स्थापना भएको यो संस्थाले विस्तारै आफ्नो कार्यक्षेत्र विस्तार गर्दै गयो । देशभित्र उत्पादन हुने गहुँबाट बनाउन सकिने मैदा, पिठो, सुजी आदिको बजारीकरण गर्नुपर्छ र यस्ता उत्पादनहरूको आयातलाई प्रतिस्थापन गर्नुपर्छ भन्ने उद्देश्यले नेपालमै मैदा मिल खोल्नुपर्छ भनेर पहिलो पाइला यही संस्थाले चालेको हो । साल्ट ट्रेडिङ्ग कर्पोरेशनले पहिलो पटक मैदा मिल स्थापना गरेर नेपालमा भारतीय पैदालाई प्रतिस्थापन गऱ्यो र देशभित्र औद्योगिकीरणको समेत सुरूवात गऱ्यो ।

**o नुन बाहिरबाट आयात नगरी नेपालमा नै उत्पादन गर्ने विषयमा पनि केही सोचिएको छ ?**

– नुनको मुख्य स्रोत भनेको सामुद्रिक पानी नै हो । कतै कतै नुनको पहाड पनि हुन्छ । भौगर्भिक परिवर्तनले गर्दा कुनै समयमा समुन्द्र रहेको ठाउँ अहिले पहाडको रूपमा रहेको छ भने त्यहाँ नुन पाइने गरिएको छ । नेपालभित्र नुन पाइने त्यस्तो कुनै स्थान अहिलेसम्म भेटिएको छैन । अहिलेसम्म हामी नुनमा पुरै भारतकै भरमा छौं ।

**o साल्ट ट्रेडिङ्ग कर्पोरेशले जसरी विभिन्न वस्तुको बिक्री वितरण गर्दै आइरहेको छ ती वस्तुहरूको बजारीकरण कसरी गर्दै आइरहेको छ ?**

– हामी गुणस्तरमा मुख्य ध्यान दिन्छौं । सर्वसुलभ उपलब्धता र थोरै मुनाफा लिएर कारोबार गर्दा आम उपभोक्तालाई पनि सेवा पुग्ने र त्यसले केही मात्रामा भए पनि संस्थालाई मुनाफा पुग्ने उद्देश्य अनुरूप हामी अगाडि बढेका छौं ।

**o साल्ट ट्रेडिङ्ग कर्पोरेशनले अहिलेसम्म उत्पादन गरेकाभन्दा बाहेर नयाँ योजनाहरू के-के रहेका छन् ?**

– हामीले भूकम्पपछि एउटा अमेरिकी कम्पनीसँग सहकार्य गरेर फ्युचर गुप्र भनेर स्थापना गराएका छौं । त्यसले नेपालमा भूकम्प प्रतिरोधी घरहरू निर्माणको कार्य पनि सुरू गरेको छ । दुईवटा घर निर्माण सम्पन्न गरिसकेका छौं । यस वर्षभित्र त्यस्ता १५ वटा घर बनाएर काठमाडौं उपत्यका भित्र बेच्ने हाम्रो योजना रहेको छ । नेपालमा नै उत्पादन भएको तोरीलाई बजारीकरण गर्नुपर्छ भन्ने तर्फ गएर नेपाल बनस्पति घ्यु उद्योगलाई तेल मिलको रूपमा परिणत गरी विभिन्न मेसिनहरू जडान गरेर तेल उत्पादन गर्ने तयारीमा हामी लागेका छौं । पेट्रोल पम्प स्थापनाको कुरा पनि अगाडि बढिरहेको छ । त्यसका लागि आयल निगममा प्रस्ताव पठाएका छौं । छिट्टै यो काम अगाडि बढ्छ ।

**o साल्ट ट्रेडिङ्ग कर्पोरेशन नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको छ कि निजी लगानी पनि छ यसभित्र ?**

– लगभग ७८ प्रतिशत जनताकै सेयर रहेको छ । नेपाल सरकारको पूर्ण स्वामत्विमा रहेको नेशनल ट्रेडिङ्ग हो । नेपाल सरकार वाणिज्य विभाग र नेशनल ट्रेडिङ्गको सेयर साल्ट ट्रेडिङ्ग कर्पोरेशनमा रहेको छ । दुबै गरेर लगभग २२ प्रतिशत जति सेयर नेपाल सरकारको भयो र बाँकी सेयर आम जनताकोसेयर हो ।

**o साल्ट ट्रेडिङ्गमा अनियमितता भइरहन्छ भनेर समय समयमा समाचारहरू आइरन्छ खासमा के हो ?**

– नेपाल सरकारले दुर्गम क्षेत्रको जनताको लागि ढुवानीमा दिएको अनुदानलाई सेयरमा परिणत गर्नुपर्छ भनेर कुनै पत्रिकाले लेख्यो तर त्यो सम्भव हुँदैन । एक पटक जुन कामको लागि रकम निकासा भएको हुन्छ, त्यो रकम खर्च भइ सक्छ । अब फेरी त्यही रकम अन्य कामको लागि प्रयोग गर्न सकिदैंन । त्यस्तै जापान सरकार र भारत सरकारले गोदाम निर्माण गरिदिएको थियो । त्यो गोदामहरू निर्माण गर्दा जति लागत लागेको थियो, त्यो रकम बराबर सेयरमा परिणत गर्नुपऱ्यो भन्ने आवाज पनि उठ्यो । त्यसै विषयलाई अतिरञ्चित बनाएर केही सञ्चारमाध्यमले हाम्रो संस्थाको बारेमा नकारात्मक खालका समाचार प्रशारण, प्रकाशन गरे जुन गलत थियो । त्यस्तो अनियमितता केही भएको छैन ।

**o यस संस्थाबाट उत्पादित वस्तुहरूले प्रतिस्पर्धात्मक बजारमा आफ्नो स्थान ओगट्न कति सफल भएको छ ?**

– उपभोक्ताले ढुक्क भएर हाम्रा वस्तुहरू उपभोग गर्दा हुन्छ । हामीले बिक्रि वितरण गर्ने कुनै पनि दालमा पोलिस गरिएको हुँदैन । नेपाल सरकारले गुणस्तरको आधारमा तोकेको मापदण्डको आधारमा हामीले वस्तुहरूको बिक्री वितरण गर्छौं । हामीले बजारको अन्य वस्तुसँग प्रतिस्पर्धा गर्नुभन्दा पनि स्वस्थ्यकर वस्तुको हिसाबले जहिले पनि अगाडि हुन्छौं । अस्वस्थकर प्रतिस्पर्धामा मात्र हामी पछाडि पर्ने गरेका छौं ।

**o नेपाल कृषि प्रधान देश हो तर अधिकांश वस्तुहरू आयात गर्नुपर्ने अवस्था छ । दैनिक उपभोग्य सामान आयात गर्नु नपर्ने गरी नेपाल कहिले सक्षम होला ? यसका लागि तपाईहरूको केही प्रयास छ ?**

– कृषिको लागि सबैभन्दा पहिले जग्गा चाहियो । त्यसपछि उन्नत बिऊ चाहियो, रासायनिक, प्रागांरिक मल चाहियो, सिँचाईको सुविधा हुनुपर्छ र त्यसपछि बजारीकरणको कुराहरू आउँछन् । हामीले कृषिलाई आधुनिकीकरण गर्नुपर्छ भनेर जोड दिइरहका छौं । बिउबिजनको लागि १२०० देखि १५०० मेट्रिक टनसम्म गहुँको बिऊ हेटौंडामा वार्षिक उत्पादन गरिरहेका छौं । हाम्रो उत्पादनको तरिका पनि फरक छ । हामीले उत्पादन गरेका उन्नत जातको बिऊ किसानलाई दिन्छौं, समय-समयमा हाम्रो प्राविधिकहरूले निरीक्षण पनि गर्छन् र उत्पादन भइसके पछि बजार मूल्यभन्दा केही बढी मूल्य तिरेर त्यसलाई ग्रेडिङ गरेर जुन बीऊको रूपमा बिक्री वितरण हुन्छ बिक्री गर्छौं । जुन बिऊको रूपमा बिक्री हुँदैन, त्यसलाई हाम्रो आफ्नै उद्योगमा पिठो बनाएर त्यसलाई फेरी बजारीकरण गर्छौं । हामीले तेलको उत्पादन सुरू गरेका छौं र रासायनिक मलको विषयमा पनि हामीले काम अगाडि बढाइसकेका छौं । बिऊबिजन, सिचाइँ र रासायनिक मलको विषयमा सरकारले केही सहयोग गर्ने हो भने आत्मनिर्भर हुन सहयोग हुन्छ ।

**o साल्ट ट्रेडिङ्ग कर्पोरेशनले ५६औं वार्षिकोत्सव मनाएको छ । यस विषयमा के भन्न चाहनुहुन्छ ?**

– हामीले ल्याएका वस्तु विश्वासका साथ प्रयोग गर्ने उपभोक्तलाई धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि गुणस्तरीय सामानहरू नै खरिद गरौं र स्वस्थ रहौं भन्न चाहन्छु ।

## अर्थ सम्वाद

## "चाचाजी"को ९०औं जन्मदिन मनाइयो

नेपालगञ्ज । प्रेस स्वतन्त्रता सेनानी पन्नालाल गुप्त 'चाचाजी'को ९०औं जन्मदिन यहाँ मनाइएको छ । नेपाल प्रेस युनियन, बाँकेले उनको घरमा जन्मदिन मनाएको हो । प्रेस युनियन बाँकेका संस्थापक अध्यक्षसमेत रहनुभएका गुप्तको जन्मदिनमा बाँकेका राजनीतिककर्मी र पत्रकारको उपस्थिति थियो । सहभागीले प्रेस स्वतन्त्रता सेनानी गुप्तलाई टीका लगाएर र खादा ओढाएर जन्मदिनको शुभकामना दिएका थिए । त्यस अवसरमा प्रेस स्वतन्त्रता सेनानी गुप्तका सुपुत्र पूर्व नगरप्रमुख विजय गुप्तले युनियनले स्थापना गरेको 'प्रेस स्वतन्त्रता सेनानी पन्नालाल गुप्त पत्रकारिता पुरस्कार कोष' मा रू दुई लाख दिने घोषणा गरेका छन् ।


# हार्दिक श्रद्धाञ्जली

जन्म मिति
वि.सं. १९९५



स्वर्गारोहण
वि.सं. २०७५

**स्व. रामबहादुर राउत कुर्मी**

राष्ट्रिय जनता पार्टी नेपालका महासचिव शिव पटेलका पिता **श्री रामबहादुर राउत कुर्मी**को ८० वर्षको उमेरमा भएको निधनप्रति स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**डा. राजेश अहिराज**

**अध्यक्ष, मधेश मिडिया हाउस**



● सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।

● सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।

● प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ र

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## स्थानीय सम्वाद

# जनतालाई विकासको अनुभूति भएको छ



**o तपाईं मेयरको रूपमा निर्वाचित भइसकेपछि कस्तो चुनौतीहरूको सामना गरिरहनुभएको छ ?**

– म मेयरको रूपमा निर्वाचित भइसकेपछि नगरपालिका चलाउन धेरै किसिमका चुनौतीहरूको सामना गरिरहनु परेको छ । किनभने स्थानीय निकाय २० वर्षदेखि जनप्रतिनिधिविहीन थियो । अहिले जनप्रतिनिधि आउँदा विकास लगायतका काममा सुधार गर्न चुनौती त अवश्य नै हुन्छ । सरकारी ऐनअनुसार टेकेर जाँदा अप्ठ्याराहरू छन् । पर्सा जिल्लाको दोस्रो सदरमुकामको रूपमा पोखरिया नगरपालिका रहेको छ । पहिलादेखि नै यहाँ रहेका बेथितिहरूलाई हामी विस्तारै सुधार गर्दै लगिरहेका छौं ।

**o तपाईं युवा हुनुहुन्छ, राजनीतिमा पनि नयाँ हुनुहुन्छ । यी चुनौतीहरूलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?**

– चुनौतीहरूलाई मैले एउटा अवसरको रूपमा पनि लिएको छु । नगरपालिकाको विकासका लागि सबैसँग समन्वय, सहकार्य र छलफल गर्दै काम गरिरहेको छु ।

**o तपाईं मेयरको रूपमा िनर्वाचित भएको एक वर्ष पूरा भएको छ । यो एकवर्षे अवधिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– अहिलेसम्म हामीले गरेका कामहरूको मूल्यांकन गर्दा ठिकठिकै लागेको छ । राजनीतिक रूपमा अनुभव कम होला । तर, जनताको अपेक्षाअनुसार मैले काम गर्दै आइरहेको छु । मैले सबैसँग सहकार्य र छलफलको आधारमा नगरको विकासका योजनाहरू ल्याउँदैछौं ।

**o निर्वाचनका बेला तपाईंहरूले गर्नुभएको प्रतिबद्धता कति पूरा भयो त ?**

– मैले निर्वाचनका बेला जुन प्रतिबद्धता गरेको थिएँ, सोहीअनुसार कार्यक्रमहरू अगाडि बढाइहेको छु । मैले भनेको थिएँ, प्राविधिक शिक्षामा जोड दिन्छु । सोही प्रतिबद्धताअनुसार पोखरियाको ११ कक्षादेखि प्राविधिक शिक्षा सुरू भइसकेको छ । त्यस्तै, मैले सडक र नालाको क्षेत्रमा सुधार गर्छौं भनेको थिएँ, त्यसैअनुसार एउटा मापदण्ड बनाएर सडक र नालाको काम भइरहेको छ । सडक ढलान र कालोपत्रे बनाउनका लागि पनि प्रक्रिया अगाडि बढाएका छौं । यस्तै, दलित समुदाय तथा ज्येष्ठ नागरिकलाई निःशुल्क औषधोपचारका लागि व्यवस्था मिलाएका छौं ।

**o नगरपालिकाको कामले जनता सन्तुष्ट छन् ?**

– नगरपालिकाले जसरी काम गरिरहेको छ, त्यसबाट जनता पूर्णरूपमा सन्तुष्ट छन् । तर, विपक्षीहरूले असन्तुष्टि जनाइरहेका छन् । हामीले जनताको अपेक्षा र चाहनाअनुसार नै काम गरिरहेका छौं । त्यसैले जनता हाम्रो कामबाट खुशी छन् ।

**o सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, पोखरिया नगरपालिकाका जनताले यो महसुस गर्न पाएका छन् ?**

– सिंहदरबार गाउँ गाउँमा भन्ने नाराभन्दा कामहरूबाट जनताले महसुस गरेका छन् । तर, जुन किसिमले हामी जनतालाई सुख सुविधा दिनुपर्ने हो, त्यो दिन सकिरहेका छैनौं । सरकारले हामीलाई दिनुपर्ने अधिकार किन अहिलेसम्म दिएको छैन । सरकारबाट हामीले पाउनुपर्ने व्यवस्था पाएका छैनौं । किनभने नगरपालिकालाई आफै बस्ने ठाउँ छैन । सिंहदरबारका केही अधिकारहरू मात्र गाउँमा आएका छन् । सिंहदरबार गाउँ गाउँमा भनेको त जनताले सबै काम आफ्नै नगरभित्र गर्न पाउनु पर्छ । तर, त्यस्तो छैन । आंशिक रूपमा केही अधिकारहरू मात्र हामीले पाएका छौं । सोही अनुसार जनताको सेवा गरिरहेका छौं । यो नारालाई पूर्णरूपमा जनतालाई महसुस गराउन पहल गरिरहेका छौं । त्यसका लागि सम्बन्धित निकायसँग पहल गरिरहेका छौं ।

**o अहिले जसरी करको विषयमा विवाद आएको छ, पोखरिया नगरपालिकामा करको दायर के छ ?**

– हामीले कुनै नयाँ कर थप गरेका छैनौं । विगतमा जे विषयमा कर लिने गरिएको थियो, सोही मापदण्डअनुसार कर उठाइरहेका छौं । केही केही विषयवस्तुमा सामान्य किसिमले वृद्धि मात्रै गरेका छौं । जनतालाई थप आर्थिक र भार थप्ने किसिमको कुनै पनि कर लिएका छैनौं । बाहिर जसरी हल्ला भइरहेको छ कि कर बढ्यो, त्यस्तो अवस्था हाम्रो नगरपालिकाभित्र छैन । हामीले नागरिकता, जन्मदर्ता, मृत्यु दर्ता जस्ता विषयमा एउटा मापदण्ड बनाएर निःशुल्क बनाएका छौं । ३५ दिनभित्र यस्ता विषयमा सिफारिस निःशुल्क गरिएको छ ।

**o प्रदेश सरकारसँग कसरी समन्वय गर्दै हुनुहुन्छ ?**

– अहिलेसम्म प्रदेश सरकारले हामीलाई कुनै किसिमको सहयोग गरेको छैन । तर, हामीले समन्वय गर्दै आएका छौं । हामीले आफ्ना नीति कार्यक्रमहरूबारे प्रदेश सरकारका मन्त्री तथा मुख्यमन्त्रीसँग छलफल गरिरहेका छौं । प्रदेश सरकारबाट सहयोग पाउने प्रतिबद्धता पाएका छौं ।

**o तपाईंले दिग्गज तथा पुराना राजनीतिज्ञहरूलाई पराजित गर्दै मेयरमा निर्वाचित हुँदा कस्तो अनुभव लागेको छ ?**

– यहाँका जनताले विगतमा विकासको नाममा भाषण र नारा मात्र सुनेका थिए । तर, विकासको अनुभूति गर्न पाएका थिएनन् । विकासको प्रतिबद्धता दिने तर चुनाव जितेर गइसकेपछि जनतालाई मुख देखाउन पनि नआउने परिपाटी थियो पहिला । त्यसैले जनताले यसपटक कुनै युवालाई अवसर दिऔं भनेर मलाई निर्वाचित गराएको हुन् । म निर्वाचनमा विजयी भएपछि एकदमै हर्षित त भएँ नै तर, एउटा ठूलो जिम्मेवारी थपिएको महसुस पनि गरेको छु ।। मैले जनतालाई जे प्रतिबद्धताहरू दिएको थिएँ सोहीअनुसार काम गरिरहेको छु र जनता सन्तुष्ट पनि छन् । मसँग राजनीतिक अनुभव कम होला तर जनताले दिनहुँ भोगिरहेको समस्या, जनअपेक्षाबाट अनभिज्ञ छैन । तसर्थ, म आफ्नो प्रतिबद्धताअनुसार काम गरिरहेको छु । मैले यसलाई चुनौती र अवसरको रूपमा लिएको छु । विगतमा विकासको नाममा आएका बजेट जसरी सदुपयोग हुनुपर्ने थियो त्यसरी भइरहेको अवस्था थिएन । अहिले हामीले जनतालाई विकासको अनुभूति गराएका छौं । वास्तवमा जनता करदाता र मतदाता होइनन् भन्ने कुरा बुझेका छन् ।

**o पोखरियालाई समृद्ध नगरपालिका बनाउन प्रतिपक्षीहरूसँग कस्तो अपेक्षा छ ?**

– मैले कसैलाई प्रतिपक्षीको रूपमा मात्र नभई सँगै काम गर्ने सहयात्रीको रूपमा लिएको छु । उहाँहरूसँग मैले बेला बेलामा नगरपालिकाको विकासका बारेमा छलफल र सहकार्य गर्दै आएको छु । कुनै नीति वा कार्यक्रम गर्दा सर्वदलीय बैठक बोलाएर सबैसँग छलफल गरी योजना बनाउने गरेको छु । हामीले गरिरहेको कामलाई निगरानी र सहयोग गर्नुस् भनेर भन्दै आएका छौं । यदि हाम्रो काममा कुनै किसिमको त्रुटी भइरहेको छ भने हामीलाई सचेत गराउनुस् भनेका छौं । हामीले गरिरहेका राम्रो काममा कुनै किसिमको विवाद खडा नगर्नुस्, विकासको काममा अवरोध नपुऱ्याउनुस् भनेर आह्वान पनि गर्न चाहन्छु ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# चीनको ऋणमा डुब्न लागेका मुलुकहरू




एजेन्सी । चीन अहिले आफ्नो महत्वाकांक्षी योजना बेल्ट एण्ड रोडमा अघि बढिरहेको छ । धेरै मुलुकहरूलाई समेटेर अघि सारिएको चीनको रणनीतिका कारण केही राष्ट्रहरू ऋणमा डुब्नसक्ने सम्भावना छ । यो योजनाका लागि ६८ मुलुकहरूले केही मात्रामा भए पनि ऋण लिनुपर्ने देखिएको छ । हालसालै सार्वजनिक भएको एक विवरणले यस्तो देखाएको हो । उक्त परियोजनाले चीनलाई धेरैजसो एसिया, युरोप, मध्यपूर्व र अफ्रिकालाई जाड्नेछ । जसमा २३ मुलुकहरू अहिले नै अत्यधिक ऋणको जोखिममा रहेका छन् । अमेरिकाको वासिङटनमा रहेको सेन्टर फर ग्लोबल डेभलपमेन्ट (सीजीडी) को विवरण अनुसार उक्त २३ मुलुकहरू चीनको बीआरआई योजनाको कारण समस्यामा रहेको बताइएको छ ।

बीआरआईबाट ऋणको जोखिम रहेका मुलुकहरूमा श्रीलंका सबैभन्दा अगाडि रहेको छ । गत डिसेम्बर महिनामा अत्यधिक ऋणको समस्यामा रहेको कारण श्रीलंकाको हाबांटोटा बन्दरगाहमा चीनले आफ्नो कब्जा जमाइसकेको छ । यस्तोमा २३ मुलुकहरूले चीनको योजनामा विशेष ध्यान दिनुपर्ने विवरणले सचेत गराएको छ । त्यसमा पनि आठ मुलुकहरू भने निकै समस्यामा पर्नसक्छन् । चीनको योजनाको कारण समस्यामा पर्नसक्ने मुलुकहरूमा पाकिस्तान, जिबौटी, माल्दिभ्स, लाओस, मंगोलिया, मोन्टेनेग्रो, ताजकिस्तान र किर्गिस्तान रहेका छन् । चीनको यो योजनामा ८० खर्ब डलर बराबरको खर्च हुने अनुमान गरिएको छ ।

पाकिस्तान चीनको यो मार्गको लागि निकै महत्वपूर्ण भुभागमा पर्छ । यो परियोजनामा ग्वादर बन्दरगाह पाकिस्तानमा नै रहेको छ । त्यसका साथै पाकिस्तानमा केही अन्य विकासका योजनाहरू पनि रहेका छन् । जसमा चीन-पाकिस्तान आर्थिक कोरिडोर पनि एक महत्वपूर्ण विकासको काम भएको सीजीडीले जनाएको छ । पाकिस्तान सबैभन्दा धेरै ऋणको जोखिम रहेको मुलुक हो । पाकिस्तानको लागि लाग्ने थप ६२ अर्ब डलर बराबरको ऋण चीनले दिने भएको छ । चीनले पछि चर्को ब्याज लगाउनसक्ने भएको कारण पाकिस्तान आउँदा दिनमा समस्यामा पर्नसक्ने बताइएको छ ।

एसियाको अर्को समस्यामा ऋणको समस्यामा पर्नसक्ने मुलुक लाओस हो । लाओसमा ६ अर्ब ७० करोड डलरको चिनियाँ सडक पर्नेछ, जुन उसको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को आधा बराबरको रकम हो । अन्तराष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले यो योजनामा हात हालेको खण्डमा लाओसलाई यसबाट पार पाउनु चुनौती हुनसक्ने भन्दै चेतावनी दिइसकेको छ ।

किर्गिस्तानको लागि पनि चीनको योजनाले आर्थिक समस्या निम्त्याउन सक्ने बताइएको छ । चीनको यो योजनाले ताजकिस्तानको ऋण जीडीपीको ५० प्रतिशतको हाराहारीबाट बढेर ८० प्रतिशतसम्म पुग्नसक्ने देखिएको छ भने किर्गिस्तान र माल्दिभ्स तथा लाओसको ऋण जीडीपीको ७० प्रतिशतभन्दा बढी पुग्नेछ । चीनको योजनाले मंगोलियाको ऋण पनि जीडीपीको ६० प्रतिशतको हाराहारीमा पुग्नेछ । मोन्टेनेग्रोको ऋण पनि जीडीपीको ५० प्रतिशतको हाराहारीमा पुग्नेछ । यो मुलुकका लागि भने यो ऋण निकै महँगो हुन सक्ने भन्दै सीजीडी चेतावनी रूपमा विवरण सार्वजनिक गरेको हो । हाम्रा कुरा डटकमबाट साभार

# पाकिस्तानलाई संकटमा पार्ने अमेरिकाको प्रयास

अमेरिकाको संसारभर दादागिरी मच्चाउने क्रम जारी नै रहेको छ । पाकिस्तानमा चर्चित खेलाडी प्रधानमन्त्रीमा निर्वाचित भएपछि अमेरिकाले पास्कितानलाई संकटमा पारेर प्रधानमन्त्रीलाई आफ्नो पक्षमा झुक्न बाध्य पार्ने प्रयास गरेको देखिएको छ । अमेरिकाको क्षेत्रीय रणनीति कार्यान्वयनमा पाकिस्तानले निर्णायक भूमिका निर्वाह नगरेको आरोप लगाउँदै करिब ३० करोड अमेरिकी डलर (करिब ३१ अर्ब रूपैयाँ) सहायता रोक्का गर्ने निर्णय गरेको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले जनाएको छ । अमेरिकाले पाकिस्तानभित्र रहेका लडाकुका सुरक्षित आश्रयस्थल ध्वस्त पार्नेतर्फ दबाब दिइआएको छ, र वर्षको शुरूकै घोषणा गरेको सहायता रोक्काको रकम बृद्धि भएर दुई अर्ब डलरसम्म पुग्ने एक अधिकारीले बताए । लेफ्टिनेन्ट कर्नेल कोन फल्कनरले दक्षिण एसिया रणनीतिको कार्यान्वयन पाकिस्तानको निर्णायक कारवाहीको अभाव महसुस गरिएको छ । यही कारण जुन जुलाई २०१८ मा रक्षा मन्त्रालयमार्फत पाकिस्तानलाई उपलब्ध गराउने भनिएको ३० करोड डलर अब अन्यत्रै प्राथमिकताका क्षेत्रमा खर्च हुने बताउनुभयो । तथापि, कार्यक्रममा फेरबदल गर्ने रक्षा मन्त्रालयको प्रस्तावमाथि कांगेसको अनुमति आवश्यक पर्ने उहाँले बताउनुभएको छ । कांग्रेसले उक्त प्रस्ताव स्वीकृत गर्ने वा खारेज गर्न सक्नेछ पाकिस्तानले देशभित्रैका कतिपय लडाकु समुहसँग कडा संघर्ष गर्नुपरेको छ र चरमपन्थीसँग लामो युद्धमा हजारौंको ज्यान गइसकेको र अर्बौं डलरको क्षति भइसकेको पाकिस्तानको भनाइ छ । तर अमेरिकी अधिकारीहरू अफगानिस्तानमा हुने आक्रमणमा पाकिस्तानभित्र सुरक्षित रूपमा लुकेर बस्ने विभिन्न समूहको संलग्नता रहेको आरोप लगाउँछन् । सीमावर्ती क्षेत्रमा खुलेआम घुमफिर गर्ने लडाकुलाई नियन्त्रण गर्न पाकिस्तानले बेवास्ता गरिरहेको वा कतिपय अवस्थामा सहयोग गरिरहेको अमेरिकी अधिकारीको भनाइ छ । ह्वाइट हाउसको विश्वासमा पाकिस्तानको गुप्तचर निकाय इन्टर-सर्भिस इन्टेलिजेन्स र अरू सैनिक निकायले लामो समयदेखि तालिबानलाई रकम र हतियार दिइरहेका छन् । अफगानिस्तानमा भारतको प्रभाव निस्तेज तुल्याउन पनि तालिबानलाई पाकिस्तानको सहयोग छ । पाकिस्तानको हस्तक्षेपले मात्र अफगानिस्तानमा जारी लामो युद्ध अन्त्य हुने अमेरिकी विश्वास छ । अमेरिकी नैराश्य केही पहिलेदेखि तीव्ररूपमा अगाडि आएको हो । राष्ट्रपति डोनाल्ड ट्रम्पभन्दा अगाडिका राष्ट्रपति बाराक ओबामाले पाकिस्तानको एब्बोटाबादमा लुकेर बसेका ओसामा बिन लादेनलाई मार्न तथा लडाकू लुकिछिपी रहेका स्थानमा ड्रोन आक्रमण गर्न अनुमति दिनुभएको थियो । तर, ट्रम्पको भाषाबाट खासगरी पाकिस्तानी अधिकारीलाई क्षुब्ध पारेको छ । ट्रम्पले यसै वर्षको शुरूमा एउटा ट्वीटमा संयुक्तराज्य अमेरिकाले विगत १५ वर्षदेखि पाकिस्तानलाई ३३ अर्ब डलरको सहयोग दिनु नै मुर्ख्याइँ हो, तर उनीहरूले हामीलाई कपट र धोखा मात्र दिए, र हाम्रा नेतालाई उनीहरू मुर्ख ठान्छन् भन्दै उनीहरू (पाकिस्तान) ले आतंकवादीलाई सुरक्षित स्थल दिए हामीले अफगानिस्तानमा खोज्यौं, अब त्यो हुँदैन भन्ने लेख्नुभएको छ । पाकिस्तानी नेताहरूले ३३ अर्ब डलरको सहयोगका बारेमा विवाद उठाएका छन् र आधाभन्दा बढी पैसा भुक्तानी गर्नुपर्ने रकम हो । पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयले आतंकवादसँगको लडाइँमा पाकिस्तानले ठूलो बलिदान गरेको कुरा ट्रम्पले नजरअन्दाज गरेको आरोप लगाएको छ । यसैक्रममा पाकिस्तानका नवनिर्वाचित प्रधानमन्त्री इमरान खानसँग भेटघाट गर्न अमेरिकी विदेशमन्त्री माइक पोम्पेओ गत साता बुधबार इस्लामाबाद आइपुग्नुभएको थियो । हालैका महिनामा चिस्सिएको दुवै देशबीचको सम्बन्धलाई नयाँ गति दिने पोम्पेओको भ्रमणको मुख्य उद्देश्य रहेको बताइएको थियो । वासिंटनले ३० करोड अमेरिकी डलरको अमेरिकी सैन्य सहायता रोक्ने निर्णयको पृष्टि गरेको भोलिपल्टै विदेशमन्त्री पोम्पेओ पाकिस्तान पुग्नुभएको थियो । अमेरिकी उच्च कूटनीतिज्ञ पोम्पेओले इस्लामबाद पुगे लगत्तै संक्षिप्त प्रतिक्रिया दिँदै दुई देशबीचको सम्बन्धलाई नयाँ ढंगबाट अगाडि बढाउने भ्रमणको मुल उद्देश्य हो भन्नुभएको थियो । अफगानिस्तानमा जारी द्वन्द्वमा पाकिस्तानले पर्याप्त सहयोग नगरेको बरू उल्टै अफगान लडाकुलाई हतियार र आश्रय दिएको अमेरिकी आरोप छ ।

हामीबीच धेरै किसिमका चुनौती छन् । तर, पाकिस्तानको नयाँ नेतृत्वसँग नयाँ समझदारी बन्ने र हाम्रा साझा मुद्दामा मिलेर काम गर्न सकिने हाम्रो विश्वास छ भन्नुभयो । विदेशमन्त्री पोम्पेओले पाकिस्तानको भ्रमणपछि भारतको भ्रमण गर्दै हुनुहन्छ । भारतमा रहँदा अमेरिकी रक्षामन्त्री जीम म्याटिस पनि साथमा रहनुहुनेछ । भारतमा रहँदा अमेरिकी रक्षामन्त्री जीम म्याटिस पनि साथमा रहनुहुनेछ । भारतमा प्रतिरक्षा र व्यापारका विविध विषयमा छलफल हुने बताइएको छ । यसैबीच संचारमाध्यम तथा प्रतिस्पर्धी समूहलाई तत्काल आलोचना गर्नुभन्दा सरकारलाई काम गर्न कम्तीमा पनि तीन महिनाको समय दिन पाकिस्तानका प्रधानमन्त्री इमरान खानले आग्रह गर्नुभएको छ । प्रधानमन्त्रीको कार्यालयमा पत्रकारहरूलाई सम्बोधन गर्दै खानले आफूले सत्ता सम्हालेको पहिलो वर्ष पाकिस्तानले कठिनाईको समयबाट नै गुज्रनु पर्ने अवस्था देखिएको छ भन्नुभयो । पास्कितान तेहरीक-ए-इन्साफ -पिटिआई) ले सत्ता सम्हालेको केही समय नहुँदै पाकिस्तानमा संचारमाध्यम विगत चारवर्ष यता निकै सकसका साथ चलेको भन्ने समाचार आएपछि नवनिर्वाचित प्रधानमन्त्रीले तत्काल आलोचनाभन्दा आफ्नो सरकारले कम्तीमा तीन महिना काम गर्ने दिन सञ्चारकर्मी तथा राजनीतिक दलसँग आग्रह गर्नुभएको हो । खानले पाकिस्तानमा भ्रष्टाचार नियन्त्रण आफ्नो प्रमुख लक्ष्य भएको दोहोऱ्याउँदै देशमा नत राष्ट्रिय मेलमिलाप संगठनजस्ता संस्था रहने छन् न त जिम्मेवारीबाट कोही पन्छिन पाइनेछ भन्नुभयो । आफ्नो सरकारले काम शुरू गरेपछि गरेका कामबाट राज्यले कस्तो भिन्नताको महशुस पाउने हो यसलाई देखिने गरी काम हुने क्रिकेट खेलाडीबाट राजनीतिमा आएका नेता खानले विशेष जोड दिँदै बताएको पाकिस्तानी दैनिक द डनले उल्लेख गरेको छ । मन्त्रीका पद स्थायी नहुने र कामका आधारमा परिवर्तन गरिने खानले बताउनुभयो । उक्त अवसरमा प्रधानमन्त्री खानले सामाजिक सेवामा सुधार, कृषिमा परिवर्तन ल्याउने प्रतिबद्धता समेत जनाउनुभएको पाकिस्तानी सञ्चारमाध्यमले जनाएका छन् ।

उहाँले भारतसिंहका छिमेकी मुलुकसँगको सम्बन्ध सुधारका लागि आफु प्रतिबद्ध रहने पनि बताउनुभएको छ । बानी गाला निवासबाट अफिस जाँदा हेलीकोप्टरको प्रयोग गरेको भन्ने प्रश्नको उत्तरमा आफूले जनताको असुविधालाई मध्यनजर राख्ने गरेको बताउनुभयो । ६५ वर्षीय नेताले १०० दिनको योजना सार्वजनिक गरिसक्नुभएको छ । जसमा सरकारी निकायलाई मजबुत बनाउने, पाकिस्तानको अर्थतन्त्रलाई पुनर्जीवन दिने र पाकिस्तानलाई एक समृद्ध राज्य बनाउने जस्ता कार्यक्रम रहेका छन् । अर्कातिर जापानका प्रमुख तेल आयातकर्ताले अक्टोबरमा इरानबाट कच्चा तेलको आयात स्थागन गर्ने तयारी गरेको स्थानीय संचार माध्यमहरूले जनाएका छन् । अमेरिकाले इरानी कच्चा तेल आयात गर्ने मुलुकमाथि नै प्रतिबन्ध लगाउने धम्की दिएलगत्तै यस्तो तयारी गरेको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सम्पन्न सन् २०१५ को आणविक सम्झौताबाट अमेरिका बाहिरिने र इरानसँग व्यापार गर्नबाट अरू मुलुकलाई पनि रोक्ने गरी गत महिना नयाँ प्रतिबन्ध घोषणा गर्नुभएको थियो । इरानको कच्चा तेल उद्योग र बैंकिङ क्षेत्रमाथि लक्षत गरी दोस्रो चरणका प्रतिबन्ध आगामी नोभेम्बर ५ देखि कार्यान्वयन गर्ने अमेरिकी भनाइ रहेको छ ।

जापानले इरानी तेल अयातलाई निरन्तरता दिने योजना अघि सारेको भएपनि त्यो सम्भव नभएको नीजि प्रेस र अरू संचारमाध्यमले जनाएका छन् । परिणामस्वरूप, जापानी तेल कम्पनी इरानी कच्चा तेलको आयात रोक्ने तयारीमा लागेका हुन् । उनीहरू बजारको मागलाई सम्बोधन गर्न नयाँ गन्तव्यको खोजीमा लागेका छन् । व्यापार मन्त्रालयका एकजना अधिकारीले इरानी तेल खरिद गर्नेबारे अमेरिकासँग छलफल गरेको तर कुनै प्रगति हुन नसकेको बताए । तेलको थोकविक्रेता कम्पनी शोवा शेल सेकियूका प्रवक्ताले हामीले सरकारको निर्णयको प्रतिक्षा गरेका थियौं, तर अहिल्यै सबै कुरा सार्वजनिक गर्ने अवस्थामा हाम बताउनुभयो । अर्को थोकविक्रेता कम्पनी जेएक्सटीजीले पनि तेल आयातबारे टिप्पणी गर्न अस्वीकार गरेको छ । जापानमा तेलको आयात मुख्यरूपमा मध्यपूर्वबाट हुने गरेको छ । गत वर्ष जापानको कुल आयातको ५.३ प्रतिशत कच्चा तेल इरानबा आयात भएको थियो । त्यसैगरी अमेरिकाले सिरिया लगायतका अन्य देशमा पनि आफ्नो प्रभाव बढाउने र त्यसका लागि दबाब सिर्जना गर्ने प्रयास गर्दै आएको छ । देशप्रेम साप्ताहिक, २०७४ भदौ २४ गते ।

# नेपाल-भारत उच्चस्तरीय बैठक हुने

काठमाडौं । नेपाल-भारत ‘बाउन्ड्री वर्किङ ग्रुप’को उच्चस्तरीय संयुक्त पाँचौ बैठक आगामी असोज पहिलो साता काठमाडौंमा हुने भएको छ । दुई देशबीच विगतदेखि नै नदी सिमानाका विषयमा रहँदै आएको समस्या समाधानका लागि आगामी असोज ३, ४ र ५ गते ‘बाउन्ड्री वर्किङ ग्रुप’को बैठक काठमाडौंमा बस्न लागेको हो । दुई देशबीच विगतदेखि नै नदी सिमानाका विषयमा समस्या रहँदै आएपछि उक्त समस्याको दीर्घकालीन समाधानका लागि बैठकले पहल गर्नेछ । बैठकमा यसअघि भएका कार्यप्रगतिका बारेमा समीक्षा गरिनुका साथै आगामी दिनमा गरिने कार्यबारे रणनीति तय गरिने बताइएको छ । यसअघि दुई देशबीचको विभिन्न चरणमा भएका सहमतिका आधारमा नदी सिमाना भएका स्थानमा कुन-कुन आधारमा सीमा निर्धारण गर्ने भन्ने विषयमासमेत सहमति कायम भइसकेको छ । नेपाल-भारत नदी सिमानामध्ये २०० किमी महाकाली नदी, २० किमी नारायणी, ८० किमी मेची र ३४० किमी अन्य साना ५४ नदीनाला रहेका छन् । नदी सिमाना भएको स्थानमा बारम्बार नदीले धार परिवर्तन गरिरहने भएपछि सीमामा समस्या हुँदै आएपछि यसको दीर्घकालीन समाधानका लागि प्रक्रिया अगाडि बढाइएको हो ।

# परिवहनको अध्ययन गर्न टोली भारत जाने

काठमाडौं । जल परिवहनसम्बन्धी अध्ययन गर्न नेपाली टोली एक सातापछि भारत जाने भएका छन् । प्रस्तावित जल परिवहनको निर्माण तथा सञ्चालनका लागि जल तथा ऊर्जा आयोगका सहसचिव माधव बेलबासेको नेतृत्वमा नेपाली टोली भारत जान लागेको हो । भारतले गङ्गा नदीमा सुरू गर्न लागेको जल परिवहनसम्बन्धी अध्ययन गर्न नेपाली टोली आगामी असोज १ गते भारत जान लागेको अध्ययन टोलीका संयोजक तथा आयोगका सहसचिव बेलबासेले जानकारी दिए । ‘इनल्यान्ड वाटर-वे अथोरेटी अफ इन्डिया’ को समन्वयमा त्यसतर्फ प्रस्थान गर्न लागेको उक्त टोलीले बनारस र कोलकातास्थित गङ्गा नदीमा जल परिवहनसम्बन्धी अध्ययन गर्नेछ । यस भ्रमणले समुद्रबाट नेपालमा पानीजहाज ल्याउन सकिने सम्भावनाबारे अध्ययन गरिनेछ । यस्तै, नेपाली टोली फर्केपछि थप अध्ययनका लागि भारतीय टोली नेपाल आउने छ । यसअघि जल यातायात सञ्चालनको सम्भावनाबारे ठोस कार्य योजना बनाउने उद्देश्यका साथ असार ३१ गते काठमाडौंमा नेपाल र भारतबीच सहसचिवस्तरीय दुई दिवसीय छलफल सम्पन्न भएको थियो । नेपालमा जलमार्ग सञ्चालनबारे नेपाल र भारतबीचको यो पहिलो बैठक थियो ।

## जिल्ला समाचार

### वीरगन्ज महानगरपालिकाको मोबाइल एप्स

वीरगंज । प्रदेश २ मै पहिलोपटक स्थानीय निकायले मोबाइल एप संचालन गरेको छ । प्रदेश २ को एक मात्र उपमहानगरपालिका वीरगन्ज महानगरपालिकाले मोबाइलले एप्लिकेशन सार्वजनिक गरेको हो । यो एप्लिकेशनलाई वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले नगर कार्यपालिकाको बोर्ड बैठकमा सार्वजनिक गरेका छन् । एपलाई सार्वजनिक गर्दै नगर प्रमुख सरावगीले यो माबाइल एप्सले सेवाग्रहीले पाउने सेवालाई सहज बनाउने आशा व्यक्त गरेका छन् । उनले महानगरपालिकाले प्रदान गर्ने सेवालाई यो एप्सको माध्यमबाट अझ पारदर्शी बनाउने बताउँदै नगरवासी र कार्यालयबीचको सम्बन्धलाई मजबुत बनाउने धारणा व्यक्त गरे । नगर प्रमुख सरावगीले एप्समा रहेका विभिन्न आइकनको माध्यमबाट सेवाको बारे जानकारी तथा जनताले व्यक्त गरेका गुनासाहरूको बारेमा पनि प्राथमिकताका साथ कारवाही गरिने जानकारी समेत गराए । कार्यक्रममा बोल्दै प्रमुख प्रशासकिय अधिकृत डा भीष्मकुमार भूसालले एप्सबाट महानगरपालिकाको सेवाको बारेमा बुझ्न र गुनासा समेत दर्ता गर्न सकिने जानकारी गराए ।

### निर्माण व्यवसायी संघ कपिलवस्तुमा गुप्ता

मणि प्रसाद गैह्रे, कपिलवस्तु, २६ भाद्र । कपिलवस्तु निर्माण व्यवसायी संघको पाँचौ अधिवेशनबाट गुन्जन कुमार गुप्ता नेतृत्वको प्यानल बिजयी भएको छ । अध्यक्ष गुप्ताले ९६ मत प्राप्त गरि निर्वाचित भए भने उनका प्रतिस्पर्धी चन्द्र शेखर श्रेष्ठले ५२ मत प्राप्त गरे । प्रथम उपाध्यक्षमा विष्णु प्रसाद खनालले ७९ मत पाएर चुनाव जिते भने अर्का उम्मेदवार सुनिल कुमार गुप्ताले ६६ मत प्राप्त गरे । द्वितीय उपाध्यक्षमा नारायण प्रसाद अर्याल ८३ मतसहित निर्वाचित हुँदा अच्युत अर्यालले ६० मत प्राप्त गरेका थिए । महासचिव पदमा सरोज अर्याल ८८ मत सहित निर्वाचित हुँदा आजाद अहमद दर्जीको ५६ मत ल्याए । सचिवमा अनन्त कुमार खड्का ८१ मत ल्याएर निर्वाचित भए भने रितेश बहादुर थापाले ५२ मत ल्याए । कोषाध्यक्ष पदमा अशोक कुमार गुप्ताले ८८ मत ल्याएर चुनाव जित्दा मन्दिप सिंहले २७ र अजय शर्माल २४ मत प्राप्त गरे । सहकोषाध्यक्षमा नगेन्द्र सिंहले ८३ मत ल्याउँदै निर्वाचित हुँदा सर्वेश कुमार पाण्डेयले ५८ मत प्राप्त गरे ।

### प्रदेश ७ मा दुई विधेयक पारित

धनगढी । प्रदेश नं ७ प्रदेशसभाको बैठकले स्थानीय तहलाई वित्तीय हस्तान्तरण व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ र प्रदेश नं ७ को कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई पारित गरेको छ । यसअघि बैठकमा सामाजिक विकासमन्त्री दीर्घबहादुर सोडारीले उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । यसैगरी प्रदेश नं ७ को कर र गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि यसअघि भएको सामान्य छलफलमा सदस्य लीलाधर भट्ट र भरतबहादुर खड्काले भाग लिएका थिए ।

### चिल्ड्रेन पार्क सञ्चालनमा आउँदै

राकेश यादव, रौतहट । गौर नगरपालिकाले कार्यालय नजिकै बालबालिकाहरूका लागि बनाइएको चिल्ड्रेन पार्क अब सञ्चालनमा आउने भएको छ । निर्वाचित जनप्रतिनिधि विहीनताको समयमा निर्माण गरिएको पार्क संरक्षणको आभावमा जीर्ण बनेको थियो । गौर नगरपालिकाको प्रमुखमा अजय कुमार गुप्ता निर्वाचित हुनु भन्दा १ वर्ष अगाडी पूर्वाधार त्यार भएका पार्कको मेयर गुप्ता निर्वाचित भएपछि व्यवस्थित गराएका थिए । पार्क भित्र बस्ने, घूमफिर गर्ने, पानीको झरि समेत विभिन्न किसिमको फूलको बोट राम्रो सप्रिय पछि सवैको प्रयोगको लागि खुल्ने भएको हो । सामुदायिक तथा निजी विद्यालयमा अध्यन गर्ने विद्यार्थी, महिला, पुरूषहरू विहान र बेलुका केहि समय बिताऊँन सकने राम्रो ठाउँ रहेको छ ।

### रबरबोटसहित सामग्री प्रदान

चन्द्रकान्त खनाल, रूपन्देही । विपद् व्यवस्थापनमा सहयोग पुग्ने उद्देश्यका साथ जिल्ला विपद् व्यवस्थापन समिति रूपन्देहीलाई नमूना एकीकृत विकास परिषद्ले रबरबोटसहित अन्य विपद् व्यवस्थापन सामग्री प्रदान गरेको छ । रूपन्देही जिल्ला विपद्को उच्च जोखिममा नरहे पनि यहाँ बाढी तथा डुबान समस्याको रूपमा रहेको बताउँदै प्रमुख जिल्ला अधिकारी उदय बहादुर राना मगरले रबरबोटको आवश्कता औल्याएका थिए । विपद्लाई मध्यनजर गरी तयारी अवस्थामा रहन मोटरबोट आवश्यक रहेको बताउँदै प्रजिअ मगरले सहयोगी निकाय गुहारेका थिए । सोही आधारमा वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको साझेदार संस्था नमूना एकिकृत विकास परिषदलाई र परिषदले जिल्ला बिपद ब्यावस्थापन समितिलाई बोट सहितको उद्दार सामाग्री उपलब्ध गराएको हो । ५ लाख ३६ हजार ७ सय ५० रूपैया बराबरको १ सेट रबर बोट, ८ वटा हेल्मेट, १ सेट रबरबोट एयर पम्प, रबरबोट मर्मत किट, लाईफ ब्योई प्रदान गरिएको छ । यसै गरि ८ वटा प्याडल, ८ वटा लाईफ ज्याकेट, १ वटा थ्रो ब्याग, १ सेट मेगा फोन र १ रोल क्लाईम्बिङ्ग डोरी गरि ५ लाख ९३ हजार ७ सय १९ रूपैया बराबरको सामाग्री प्रदान गरिएको नमूना एकिकृत विकास परिषदको अध्यक्ष ज्ञानु पौडयालले बताईन । यी सामाग्रीहरूलाई नेपाल बिपद पूर्वतयारी परियोजना अर्न्तगत उपलब्ध गराईएको उनले जानकारी दिईन ।

### नगर प्रमुख सिंहलाई मातृशोक

कपिलवस्तु । कपिलवस्तु नगरपालिकाका नगर प्रमुख किरण सिंहलाई मातृ शोक परेको छ । किरण सिंहकी आमा गुन्जेश्वरी सिंहको शुक्रबार दिउँसो ३ बजेको समयमा कपिलवस्तु नगरपालिका ३ स्थित घरमै निधन भएको हो । लामो समयदेखि प्यारालाइसिस रोगबाट ग्रसित गुन्जेश्वरी सिंहको सोही कारण निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उक्त निधन प्रति दुःख जनाउँदै विभिन्न कार्यालय पार्टी तथा संघ संस्थाहरूले शोक विज्ञप्ती जारी गरेका छन् । निधन प्रति दुःख जनाउदै नेपाली कांग्रेस कपिलवस्तुले शोक विज्ञप्ती जारी गरेको छ । पार्टी सभापति सुरेन्द्रराज आर्चाय द्धारा जारी शोक विज्ञप्तीमा मृतक आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तब्ध परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति प्रदान होस भन्ने उल्लेख गरिएको छ ।

### प्रशासकीय कार्यविधि विधेयक पारित

विराटनगर । प्रदेश नं १ को प्रदेशसभामा बसेको बैठकले प्रशासकीय कार्यविधि ( नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सर्वसम्मतिले पारित गरेको छ । आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले प्रदेशसभा नियमावली, २०७४ को नियम १०८ बमोजिम सो विधेयक पारित गरियोस् भनी प्रस्ताव गरेका थिए । सो विधेयक सम्बन्धमा प्रदेशसभाको बैठकमा सभामुख प्रदीपकुमार भण्डारीले प्रदेशसभा नियमावली, २०७४ बमोजिम प्रशासकीय कार्यविधि(नियमित) गर्न बनेको विधेयक, २०७५ प्रदेशसभामा अङ्ग बनोस् भनी प्रस्ताव गरेका थिए ।

### प्रदेश ७ मा सेवा सुविधामा वृद्धि

धनगढी । प्रदेश ७ को प्रदेशसभाको बैठकमा प्रस्तुत गरिएको सेवा सुविधासम्बन्धी प्रतिवेदनमा प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक बाहेकका अन्य सेवा सुविधामा वृद्धि गरिएको छ । प्रतिवेदनमा इन्धनदेखि बीमा रकमसम्म वृद्धि गरिएको छ । सेवा सुविधासम्बन्धी विधेयक प्रदेशसभा बैठकमा पेश हुँदा आवास सुविधा प्रति महीना पदअनुसार रू १५ देखि २० हजार तोकिएकामा संशोधनसहितको प्रतिवेदनमा रू १७ देखि २२ हजार, फर्निचरका लागि एकमुष्ट रू ४० हजार राखिएकामा वृद्धि गरी रू एक लाख, दैनिक भ्रमणभत्ता प्रतिदिन रू दुई हजारबाट दुई हजार ५०० रहने उल्लेख गरिएको छ । अतिथि सत्कारमा प्रतिमहीना रू पाँच हजार उल्लेख गरिएकामा वृद्धि गरी रू सात हजार, सञ्चार सुविधा रू एक हजार ५०० बाट रू तीन हजार प्रस्ताव गरिएको छ ।

### ट्रकले किच्दा सहचालकको मृत्यु

विराटनगर । कृषि सामाग्री कम्पनी लिमिटेडको विराटनगरस्थित गोदाममा ट्रकले किच्दा एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका अनुसार ना५ख ५८८८ नंको ट्रकले आफ्नै सहचालकलाई सामान झार्ने गर्ने क्रममा ठक्कर दिँदा ज्यान गएको जनाएको छ । बाहिरबाट ल्याइएको सामग्री गोदाममा झार्नुभन्दा पहिला गाडीलाई मिलाउने क्रममा करीब २२ वर्षीय प्रज्वलको ज्यान गएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ । प्रहरीले ट्रकका चालक काभ्रे ज्याम्दी गाउँपालिका-३६ वर्षीय विनोद साहीलाई नियन्त्रणमा लिएको छ ।

संघीयता मधेशको माग थियो र राजनीतिक रूपमा त्यसको लागि अरूभन्दा बढी बुद्धिमत्ताको प्रदर्शन पनि मधेशकै दायित्व हुने। संघीयतालाई उचित मात्रामा मलजल काठमाडौंबाट प्राप्त नहुन सक्छ। तर पनि संघीयता पक्षधरहरूले आफ्नो चेतनाको स्तरमा वृद्धि गरिरहनु पर्दछ। **देवेश झा**

चिनियाँ बन्दरगाह प्रयोग गर्न पाउने कुरामा साइज मिलाएर फुर्किऊँ है मान्यवर। सिगात्सेदेखि बन्दरगाह ४ हजार किलोमिटर टाढा छ। कुरा यत्ति हो - नेपाललाई हेप्ने र सताउने दिल्लीको दादागिरी समक्ष धक्कु लाउनचाहिँ बन्दरगाहको यो रूमानी सुविधा काफी छ। **खगेन्द्र संग्रौला**

रेशम चौधरीलाई सपथ गर्न नदिने, जेलमा सडाउने षड्यन्त्र कैलालीमा दुबै समुदायले मन पराएको देखिएन। कुनै समय आफै हिंसात्मक आन्दोलनमा सामेल ओली-प्रचन्डका लागि यो झनै नैतिक संकटको विषय हो भन्ने बुझाइ पाइयो। **डम्बर खतिवडा**

नारा त राम्रो छ : घर घर से उठें। राम मनोहर यादवको न्याय दें! तर, मृतकलाई न्याय दिने कुरा छलावा मात्रै हो। अहिलेसम्म राजनीतिक सामाजिक अभियानमा लागेर मर्ने कसैले पनि न्याय पाएको छैन। झूठो खेल राजनीतिको। **किशोर नेपाल**

बाँकेका राम मनोहर यादवको प्रहरी हिरासतमै मृत्यु भएको ९ दिन बित्दा पनि यादवको शव पोष्टमार्टम हुन सकेको छैन। प्रहरीले जाहेरी समेत लिन मानिरहेको छैन। दिनहुँजसो मधेशका विभिन्न जिल्लामा श्रद्धाञ्जली सभा हुन्छन्। तर मुलधारका मिडीया र माईतिघर मण्डला चुपचाप छ, शान्त छ। यहि हो विभेद भनेको। **दिलनिशानी मगर**

असोज ३ गते सत्तासीन मधेशी नेताहरूले कालो दिवस मनाउनुको औचित्य छैन। साँच्चिकै मधेशप्रति माया छ भने आफ्नो पद त्यागी कालो दिवस मनाऊ। नभए यस्ता यस्ता नाटक नगरे हुन्छ। **आदित्य नेपाल**

शहीदको सम्मान आफ्नो ठाउँमा छँदैछ तर असोज ३ मा कालो दिन मनाउनुको अब कुनै अर्थ रहेन। बरू बिकासको नाममा हुन लागेको चुरे विनाश रोक्नका लागि हामी सबै मधेशी एक हौं। विमानस्थल होस्, फास्टट्र्याक होस् या रेलवे लाइन। चुरे र जंगल फडानी स्विकार नहुने कुरामा एक भएर विद्रोहमा आऔं। **स्नेहा झा**

मधेशी दल यही संविधानअन्तर्गत कोही संसदीय सुनुवाईमा छन्, २ नम्बर प्रदेशमा सरकार चलाएका छन्, तैपनि असोज ३ मा कालो दिवस मनाउने रे। आफू सेवा सुविधा भोगिराख। जनतालाई बेवकुफ बनाई राख। **भुषण यादव**

मधेशवादीलाई जिताएपछि मधेशीले उन्मुक्ति पाउँछ भन्थे। उपेन्द्र यादवलाई कालो झण्डा देखाएको कारण नै राम मनोहर यादवको ज्यान गयो। कतै यसैलाई उन्मुक्ति भनेको त हैन ? **मनिष झा**

निजगढ विमानस्थल २००० हेक्टरको हुने रहेछ अनि त्योसँगै जोडिएको 'एयरपोर्ट सिटी' १००० हेक्टरको। अहिले ८००० हेक्टरको रूख काट्ने तयारी हुँदैछ रे। किन यस्तो होला ? कसैले बताईदिनु हुन्छ की यसको उत्तर जान्न नि ईन्जीनियरिंग नै पढ्न पर्ने हो ? **अनिल प्रताप अधिकारी**

## रक्सौल-काठमाडौ रेलमार्गको सर्वेक्षण कंकोण रेल्वेले गर्ने

काठमाडौं। नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच काठमाडौ रक्सौल जोड्ने रेल सञ्चालनका लागि तयार पारिएको प्रारम्भिक इन्जिनियरिङ एवं ट्राफिक सर्वेक्षण भारतको कंकोण रेल्वेले गर्ने भएको छ। दुई देशबीच भएको समझदारीअनुरूप इन्जिनियरिङ एवम् ट्राफिक सर्वेक्षण गर्ने जिम्मेवारी भारतको कंकोण रेल्वे कर्पोरेशनलाई दिइएको हो। २०७४ चैत्र २४ मा भारतीय सहयोगमा रक्सौल-काठमाडौ विद्युतीय रेलसेवा सञ्चालन गर्ने समझदारी भएको थियो।

अब पहिलो चरणमा तयारी सर्वेक्षण हुने र त्यसपछि विस्तृत परियोजना प्रतिवेदनका आधारमा लगानीको मोडालिटी तय हुने नेपालस्थित भारतीय दुतावासले जनाएको छ। काठमाडौ-रक्सौल रेलमार्गले दुवैदेशका जनताबीचको सम्बन्ध र आर्थिक प्रवर्द्धन र द्विदेशीय सम्बन्ध विस्तारमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। यससम्बन्धी सहमतिपत्र ओली र मोदीले आदान प्रदान गरेका हुन्।

## सिमानालाई नियन्त्रण गर्न खोजे प्रतिवाद गर्छौं : मन्त्री सोनल

राकेश यादव, रौतहट। प्रदेश २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जीतेन्द्र सोनलले खुल्ला सिमानालाई केन्द्रीय सरकारले नियन्त्रण गर्ने षड्यन्त्र गरिरहेको खुलासा गरेका छन्।

मधेश पत्रकार महासंघ केन्द्रीय कार्यालय जनकपुरले रौतहटको गौरमा आयोजना गरेको प्रादेशिक पत्रकारिता र सरोकारवाला बीचको अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री सोनलले काठमाडौं र दिल्ली मिलेर खुल्ला सीमानाको नियमन तथा कंट्रोल गर्ने योजना बुनीरहेको विशेष सूत्रबाट थाहा हुन आएको दावी गरे।

उनले भने, 'मधेश र भारतबीचको रहेको सम्बन्धलाई धरापमा पार्ने कार्य भए प्रदेश २ को जनता र सरकारले कडा प्रतिवाद गर्ने छन्।'

उनले अघि थपे, 'लोकतान्त्रिक मूल्य मान्यता भएको मुलुकमा प्रेसलाई नियन्त्रण गर्ने कार्य बर्दास्त हुँदैन।' प्रदेश २ का सरकारले संघीय लोकतान्त्रिक स्थापना भइसकेकोले पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा रहेको बताए। १७ सय खुल्ला सिमाना विश्वमा ऐतिहासिक भएको जिकिर गरे। नेपाल भारतबचि राम सीता, अमरनाथ पशुपतिनाथको सम्बन्ध पहिलादेखि नै रहेको हुँदा मधेशमा रहेको नेपाल भारत खुल्ला सिमानालाई नियन्त्रण गर्ने प्रयास भए सहन हुन नसक्ने चेतावनी दिए।

मुलुकमा लोकतान्त्रिक पद्धति थ्रेटिंग अवस्थाबाट अहिले पनि गुज्रिरहेको अवस्थामा प्रेस पूर्ण स्वतन्त्र नभएमा लोकतन्त्र बलियो नहुने तर्क गरे। मन्त्री सोनलले राष्ट्रको चौथो अंगको रूपमा पत्रकारिता भएकोले विशुद्ध रूपमा कलम चलाउन पत्रकारलाई आग्रह गरे।

उनले पित पत्रकारितालाई विस्तारै सफाई गर्दै जानू पर्ने सुझाव दिए।

## आर्थिक समाचार

### साल्ट ट्रेडिङ्गले मनायो वार्षिकोत्सव

काठमाडौं। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले ५६औं वार्षिकोत्सव मनाएको छ। बुधबार आफ्नो प्राङ्गणमा एक कार्यक्रममको आयोजना गरी साल्ट ट्रेडिङ्गले वार्षिकोत्सव मनाएको हो। वार्षिकोत्सव कार्यक्रमको उद्घाटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मातृका यादवले गरेका थिए। वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका उत्पादकहरूको प्रशंसा गरेका थिए। उनले साल्ट ट्रेडिङले आयो नून वितरण गरेर नेपाली जनतामाथि ठूलो गुन लगाएको बाताए। आयोडिनको कमीको कारण हुने रोगलाई आयो नूनले विस्थापित गरेको बताउँदै मन्त्री यादवले कृषकलाई समयमा मल उपलब्ध गराउने कुरामा साल्ट ट्रेडिङको ध्यान जानुपर्ने बताए। साल्ट ट्रेडिङ्गका महाप्रबन्धक उर्मिला श्रेष्ठले कार्यक्रममा स्वागत मन्तव्य दिएकी थिइन्। श्रेष्ठले आगामी दशैं तिहार छठजस्तो महान् पर्वलाई ध्यानमा राखेर साल्ट ट्रेडिङले उपभोक्ताका लागि सस्तोमा माल सामान बेच्ने व्यवस्था गरिन लागेको जानकारी दिइन्। स्थानीय किसानलाई प्रोत्साहित गर्न हेटौंडामा स्थापना गरिएको नेपाल वनस्पति घ्यू उद्योगबाट प्रशोधित तोरीको तेल उत्पादन गर्न लागेको जानकारी श्रेष्ठले कार्यक्रममा दिइन्। लक्ष्मीदास मानन्धरको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सवमा रामजी अधिकारी मानव सेवा आश्रम, रश्मी श्रेष्ठ, पंकज जोशी, केशवमान श्रेष्ठ, बद्री महर्जनलाई पुरस्कृत गरिएको थियो। एसईई परीक्षामा बढी अंक ल्याउने कर्मचारीका छोरा विवेक प्रसाई र श्रद्धा महर्जनलाई छात्रवृत्ति प्रदान गरिएको थियो भने २० वर्ष सेवा गरेका श्रीजन रेग्मीलाई सम्मान गरिएको थियो।




## एनआरएमएको अन्तर्राष्ट्रिय वेब सम्मेलन

काठमाडौं। विश्वभरि फैलिएर रहेका मधेशीहरूको छाता संगठन गैर आवासीय मधेशी संघ (एनआरएमए) ले गरेको अंतर्राष्ट्रिय वेब सम्मलेन मार्फत अध्यक्ष बसन्त कुशवाहाको नेतृत्वमा तेस्रो कार्यसमिति गठन गरेको छ। उक्त सम्मेलनद्वारा अन्य पदाधिकारीहरूमा उपाध्यक्षद्वय डा. राजीव कुमार कंठ, इंद्रजीत यादव, महासचिव डा. रबीन्द्र कुमार यादव, सहमहासचिव रबीन्द्र कांत मंडल, कोषाध्यक्ष सुरेन्द्र नारायण यादव, प्रवक्ता सुजित कुमार ठाकुर र मीडिया संयोजक शिव कुमार पाल चयन भएका छन्। त्यसैगरी, विभिन्न देशबाट निर्वाचित सदस्यहरूमा अभिषेक झा (अमेरिका), डा. अजय कुमार झा (नेपाल), अजय कुमार ठाकुर (स्पेन), अमीरी बाबू साह (क़तार), आशा कुमारी मेहता (कुवैत), बद्री माझी (भारत), बिनोद कुमार मंडल (साउदी अरबिया), विनोद पासवान (युएइ), धनबीर ठाकुर बरही (कुवैत), धीरज कुमार साह (अमेरिका), दिनेश गौतम (सायप्रस), दिवाकर कुमार झा (कतार), जयमंगल प्रसाद जैसवाल (चीन ), कपलेश्वर यादव (मलेशिया), डा. लोकेन्द्र यादव (भारत), माधव मिश्रा (स्वीडेन), महेंद्र प्रसाद साह (ओमान), महेश कुमार ईशर (नेपाल), डा. मनोहर साह (अमेरिका), मंटू पाल (मलेशिया), मोहमद असगर अली (कतार), मोहन सदा (कुवैत), नरेन्द्र चौधरी (दक्षिण कोरिया), निर्मल कुमार मंडल (साउदी अरबिया), डा. प्रमोद ठाकुर (अस्ट्रेलिया), राजन महतो (कुवैत), राम राय (संयुक्त अधिराज्य), संजय कुमार कर्ण (युएइ), संतोष कुमार बिश्वास (भारत), शम्भू नाथ साह (कतार), शम्भू प्रसाद मंडल (मलेशिया), डा. श्याम महतो (सिंगापुर), उपेन्द्र अधिकारी यादव (साउदी अरबिया) रहेका छन्।

## मधेश आन्दोलनका घाइतेका छोरालाई छात्रवृति

काठमाडौं। अस्ट्रेलियामा बसोबास गरिरहेका तराइएनहरूको संस्था एसोसियशन आफ नेपाल तराई इन अस्ट्रेलियाले आव्हान गरेको छात्रवृतिको लागि पर्न आएको दर्खास्तमा विभिन्न विज्ञहरू लगायतसँग सरसल्लाह गरि छनौट प्रक्रिया अनुसार छात्रवृति पाउने उम्मेदवारको नाम सार्वजनिक गरेको छ। सप्तरी जिल्लाको भारदह वडा न १ का देव नारायण विश्वास र बागेश्वरी देवी विश्वाशका छोरा शिव कुमार विश्वासलाई सो छात्रवृतिप्रदान गर्ने निर्णय भएको कुरा सो संस्थाका अध्यक्ष अरूण कुमार ठाकुरले जानकारी दिएका हुन्। देव नारायण विश्वास मधेश आन्दोलनका क्रममा घाइते भएका थिए। विद्यार्थी शिव कुमार बिश्वास २०७५ सालमा १२ क्लास उतिर्ण गरेका थिए। एन्टाले स्नातक स्तरको पढाईको लागि इन्जिनियरिंग लगातका विषय अध्ययन गर्नको लागि छात्रवृति प्रदान गर्ने घोषणा गरेका थिए। विश्वाश दम्पतीले छोराको पढाईका लागि गरेको मेहनत र लगनशिलताको लागि एन्टाले दम्पतिलाई धन्यवाद दिदै विद्यार्थी शिव कुमार विश्वासलाई बधाई ज्ञापन र उत्तरोत्तर प्रगतिको कामना गरेको छ।

## फर्किए सत्रुघ्न सिन्हा

काठमाडौं। चर्चित बलिउड अभिनेता सत्रुघ्न सिन्हा निजी भ्रमणका सिलसिलामा नेपाल आएर फर्केका छन्। नेपाली व्यवसायी चौधरी ग्रुपका सदस्य बरूण चौधरीका छोराको पास्नीमा सहभागी हुन उनी नेपाल आएका थिए। सिन्हा आइतबारै काठमाडौं उत्रेका थिए।

होटल सोल्टीमा बसेका उनी चौधरीको पारिवारिक कार्यक्रममा सहभागी हुँदै केही सीमित कलाकारलाई पनि भेटेका थिए। यस्तै, उनी सिम्रिक एयरको हेलिकोप्टरमार्फत नवलपरासीस्थित चौधरी ग्रुपले निर्माण गरेको साश्वत धाम पुगेका थिए। दुई वर्षअघि एलजी सिनेमा सर्कल अवार्डमा सहभागी हुन नेपाल आएका सिन्हा पुनः नेपाल आएका हुन्।

## गोविन्दा आउँदै

काठमाडौं। एलजी सिनेमा सर्कल अवार्ड २०७५ मा अतिथिका रूपमा सहभागी हुन बलिउड अभिनेता गोविन्दा सपरिवार काठमाडौँ आउँदै छन्। उनी भदौ ३० गते काठमाडौं आईपुग्ने सिनेमा सर्कलका अध्यक्ष दिनेश डीसीले बताए। छोरा यश, पत्नी सुनिता र छोरी टिना एक दिन अघि नै नेपाल आइपुग्ने छन्। उनको परिवार तीन दिन नेपाल रहनेछ। भदौ ३१ गते अवार्ड समारोह सकिएपछि उनी पशुपतिनाथको दर्शन गर्ने कार्यक्रम तय छ। गोविन्दाको परिवार होटल याक एन्ड यतीमा बस्ने बताइएको छ।




## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा **मधेशवाणी**मा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं